# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## जगन्नाथ गाउँपालिका


## बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## जगन्नाथ गाउँपालिका
### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## जगन्नाथ गाउँपालिका

बाजुरा


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५५९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
जगन्नाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाजुरा ।

**कैफियत सहितको राय**

हामीले जगन्नाथ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ७३ लाख ४५ हजार बेरुजू देखिएको छ । सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २६ लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५९ लाख ८७ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ८७ लाख ४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १२ करोड ४५ लाख ४० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड १८ लाख ८५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

जगन्नाथ गाउँपालिका, बाजुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७७ | २०१ | ४७३४५ | ० | ० | ० | ७७ | २०१ | ४७३४५ | २६५४ | १८७०४ | २५९८७ | ० | ० | ४४६९१ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| जगन्नाथ गाउँपालिका, बाजुरा | १२४५४० | ० | ० | १२४५४० | ० | ४७३४५ | १७१८८५ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : जगन्नाथ गाउँपालिका, बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rabindra Bahadur Shahi | २०७८-९-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dilip Kumar Shahi | २०७९-५-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,३४५,७७३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,७५,०८,२३५.०३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२,८५,७२,७५० | **चालु खर्च** | १५,१५,८०,०८०.१२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,२८,११,००० | **पूँजीगत खर्च** | १३,७१,७०,४४७.५५ |
| **राजश्व बाँडफाँट** | ४,८२,९२,५७५.८२ | **वित्तीय/अन्य व्यवस्था** | १०,३९,९२,८९५.०१ |
| **आन्तरिक आय** | ११,५४,६८८.३२ | | |
| **अन्य आय** | ८,३३,१४,८४६.८५ | | |
| **कुल आय** | ३७,४१,४५,८६०.९९ | **कुल खर्च** | ३९,२७,४३,४२२.६८ |
| **बाँकी मौज्दात** | | ८९,१०,६७३.३४ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १७१.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा १०२०५ (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार) जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम पालिकाले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथा मार्गदर्शनलाई आधार मानी पालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखित नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कार्यालयका सम्वन्धित पदाधिकारीहरु सँग छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ३ | | | **आय व्यय तथा वित्तीय विवरणको विश्लेषण** | |
| ३.१ | | | **एकिकृत आय व्यय विवरण :** गाउँपालिकाको आर्थिक बर्ष २०७८।७९ को आय व्ययको विवरण देहायबमोजिम छ । | |

| **आयतर्फ** | | | | ब्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | | रकम | सि.नं. | विवरण | | रकम |
| १ | गत बर्षको जिम्मेवारी | २७५०८२३५.०३ | **२७५०८२३५.०३** | १ | चालु खर्च | १५१५८००८०.१२ | **१५१५८००८०.१२** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | राजस्व बाँडफाड वाट प्राप्त | | ४९४४७२६४.१४ | २ | पुंजिगत खर्च | १३७१७०४४७.५५ | **१३७१७०४४७.५५** |
| | आन्तरिक | ११५४६८८.३२ | | ३ | अन्य खर्च | | **१०२५१६२३६.९६** |
| | संघीय | ४७४२३७०१.४९ | | | सामाजिक सुरक्षा | ४७७६६५९३.३० | |
| | प्रदेश | ८६८८७४.३३ | | | बिषयगत निकाय | ३२६४८६००.०० | |
| ३ | संघीय अनुदान | | **२२८५७२७५०.००** | | कोष खर्च | ०.०० | |
| | समानीकरण | ७९२०००००.०० | | | धरौटी फिर्ता | १०८८६२१३.७४ | |
| | सशर्त | १२२३७२७५०.०० | | | अनुदान फिर्ता खर्च | ११२१४८२९.९२ | |
| | समपुरक | ५३०००००.०० | | | | | |
| | बिशेष | २१७०००००.०० | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>प्रदेश अनुदान</td><td></td><td>**१२८११०००.००**</td><td>४</td><td>बैंक मौज्दात</td><td></td><td>**८९१०६७३.३४**</td></tr>
<tr><td></td><td>समानीकरण</td><td>५३७७०००.००</td><td></td><td></td><td>बैंक खाता मौज्दात</td><td>४४९२६७२.३०</td><td></td></tr>
<tr><td></td><td>समपुरक</td><td>४९३४०००.००</td><td></td><td></td><td>धरौटी खाता</td><td>४४१८००१.०४</td><td></td></tr>
<tr><td></td><td>बिशेष</td><td>२५०००००.००</td><td></td><td>५</td><td>व्यय तर्फ नपुग रकम</td><td></td><td>१४७६६५८.०५</td></tr>
<tr><td>५</td><td>अन्य आय</td><td></td><td>**८३३१४८४६.८५**</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षा</td><td>४७७६६५९३.३०</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>बिषयगत निकाय (ए.स्वास्थ्य)</td><td>३२६४८६००.००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>धरौटी</td><td>२८९९६५३.५५</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>कोषतर्फको</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>४०१६५४०९६.०२</td><td></td><td colspan="2">जम्मा</td><td>४०१६५४०९६.०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>वित्तीय विवरण– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्
<ul>
<li>स्थानीय संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</li>
<li>पालिकाले (SuTRA) मा सामाजिक सुरक्षा तथा संरक्षण र संघतर्फको अन्तरसरकारी अख्तियारीको रकम समावेश गरेको छैन ।</li>
<li>पालिकाले बिभाज्यकोष, प्रकोप व्यवस्थापन कोष, आन्तरिक राजस्वखाता र बिबिध खर्च खाताको बैंक मौज्दात रु. १९,९१,५४१।६८ आय व्यय विवरणमा समावेश गरेको छैन साथै गत बिगत बर्षको अल्या र यस बर्षको खर्च समेत समावेश गरेको देखिएन । पालिकाले सम्पुर्ण कारोवार समावेश गरि आय व्यय विवरण तयार नगरेकोले पालिकाले तयार गरेको आय व्यय विवरण यथार्थपरक देखिएन ।</li>
</ul>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>बैंक हिसाब मिलान– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम</td><td>१,४७६,२५७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले हिसाव मिलान विवरण तयार गरेको देखिएन। पालिकाको स्रेस्ता भन्दा बैंकमा घटी देखिएको निम्नुसारको मौज्दातको सम्वन्धमा एकिन गर्नुपर्ने रु.
<table>
<tr><th>श्रेस्ता अनुसार बाँकी मौज्दात</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी मौज्दात २०७९ श्रावण १५ को</th><th>फरक रकम</th><th>कैफियत</th></tr>
<tr><td>५९६८९२९.६५</td><td>४४९२६७२.३०</td><td>१४७६२५७.३५</td><td>२०७९ श्रावणको संचितकोष र पुँजिगत खर्च खाताको जम्मा मौज्दात रु. ४४,९२,६७२।३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>• राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन।<br>• दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सि खाता अध्यावधिक गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आशिंक रुपमा मात्र गरेको पाइयो ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• मालसामान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो ।<br>• कर्मचारीले एक पटक लिएको पेश्की फस्योंट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो ।<br>• पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फस्यौंट गर्ने गरेको ।<br>• कार्यालयले बिभिन्न खरिदको रकम भुक्तानी गर्दा आंशिक कारोवारको खरिदको आदेश, माग फाराम र दाखिला प्रतिवेदनमा सम्वन्धित जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको देखिएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ५ | | | **बजेट, कार्यक्रम तथा योजना** | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उपाध्यक्ष श्री ऐना गिरीले मिति २०७८/०३/१० गते रु. ३१ करोड ८९ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/३/२४ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । सभावाट बजेट पारित भएको मितिले ऐनमा तोकिएको समय भित्र नै स्थानीय तहको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ । | |
| ५.२ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा | बजेटको तुलनाममा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६७३८००० | २६०४४६४६ | ९.०२ | ९७.४१ |
| २ | पूर्वाधार विकास | ८१६१९०३९ | ७४५४७६८९ | २५.८२ | ९१.३४ |
| ३ | सामाजिक विकास | १२४२११५४७ | १११९०११९७ | ३८.४७ | ८९.४५ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ६२७८००० | ६१९२७५७ | २.१४ | ९८.६४ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ८०११७६८७ | ७०८६३२३६ | २४.५४ | ८८.४५ |
| **जम्मा** | | **३१८९६४२७३** | **२८८७५०५२७** | **१००** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले बिनियोजन गरेको बजेट वाट यस बर्ष भएको कुल खर्च मध्ये सबैभन्दा बढी खर्च सामाजिक विकासमा ३८.४७ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र २.१४ प्रतिशत रहेको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार बिकासको क्षेत्रमा वजेट विनियोजन तथा खर्चलाई बृद्धी गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **योजना छनौट र कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १०-५०लाख सम्म</td><td>५०लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>८</td><td>२५</td><td>३७</td><td>३१</td><td>३३</td><td>६</td><td>१४०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष १० हजार देखि ५० लाख सम्मका जम्मा १३४ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ७० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु. ११ लाख ५४ हजार, राजस्व बाँडफाँड, अनुदान र गत बर्षको अल्या समेत रु. ३० करोड ५९ लाख ५३ हजार आम्दानी भएकोमा चालुतर्फ रु. १५ करोड १५ लाख ८० हजार र पूँजिगत तर्फ रु. १३ करोड ७१ लाख ७० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ६२ लाख ४ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा पदाधिकारी सुबिधा खर्च ५३७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालुमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>चौमासिक खर्चः पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th>चौमासिक खर्च</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td></td><td>**प्रथम चौमासिक**</td><td>**दोस्रो चौमासिक**</td><td>**तेश्रो चौमासिक**</td></tr><tr><td>**चालु खर्चतर्फ**</td><td>१५१५८००८०</td><td>२३४६३८३१</td><td>५५६३८७५६</td><td>७२४७७४९२</td></tr><tr><td>**पूँजिगत खर्चतर्फ**</td><td>१३७१७०४४७</td><td>११६२१०५</td><td>४०५३९४७३</td><td>९५४६८८६९</td></tr><tr><td>**जम्मा**</td><td>**२८८७५०५२७**</td><td>**२४६२५९३६**</td><td>**९६१७८२२९**</td><td>**१६७९४६३६१**</td></tr><tr><td>**प्रतिशत**</td><td>**१००**</td><td>**८.५३**</td><td>**३३.३१**</td><td>**५८.१६**</td></tr></table> पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. २८ करोड ८७ लाख खर्च भएकोमा प्रथम चौमासिकमा रु. २ करोड ४६ लाख अर्थात ८.५३ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९ करोड ६१ लाख, अर्थात ३३.३१ प्रतिशत र तेश्रो चौमासिकमा रु. १६ करोड ७९ लाख, अर्थात ५८.१६ प्रतिशत खर्च गरेको देखिन्छ भने आसार महनामा मात्र १० करोड १० लाख अर्थात ३५.०१ प्रतिशत खर्च गरेको देखिन्छ। पालिकाले आर्थिक बर्षको अन्तमा मात्र खर्च गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ५.६ | | | **बजेट अवण्डाः** पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकिकरणको आधारमा योजना छनौट गरी बजेट विनियोजन गर्नुपर्दछ। यस वर्ष पालिकाले सभाबाट पारित बजेट तथा कार्यक्रममा अध्क्षयको तोक आदेश अनुसार खर्च गर्ने गरी रु. ४० लाख र अध्यक्ष रोजगार कार्यक्रममा रु. ८० लाख समेत जम्मा रु. १ करोड २० लाख अवण्डा रकम विनियोजित गरी सोबाट बिभिन्न योजनामा कार्यपालिकाको निर्णय अनुसार खर्च गर्ने गरेको देखियो । पालिकाले यसरी अवण्डामा बजेट विनियोजित गरी खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ५.७ | | | **अनुत्पादक खर्च**: पालिकाले आप्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पुर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मठ मन्दिर निर्माणमा कार्यमा रकम खर्च गरेको छ । पालिकाले यस बर्ष गाउँपालिका पुँजिगततर्फ मन्दिर निर्माण कार्यको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागि रु. १८,७४,२००।- खर्च गरेको छ । पालिकाले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गरी अन्य पुर्वाधार विकासमा खर्च गर्नुपर्दछ । | |

| कार्यक्रम। योजनाको नाम | खर्च |
|---|---|
| कैलाश मन्दिर निर्माण | १५०००० |
| कैलासमाण्डु मन्दिर निर्माण | १५०००० |
| काँडाकोट दहडाँडाको मन्दिर सहितको घेरवार निर्माण | ५००००० |
| कालशिला मन्दिर निर्माण | ३८९६५० |
| काला कैलाश माडु मर्मत | ५०००० |
| गुरा मन्दिर निर्माण | १००००० |
| घटाल र भैरव मन्दिर निर्माण | १५०००० |
| तल्लो गोत्री मालिका माईको मन्दिर निर्माण | २८९५५० |
| निम्रे ढुङ्गा मन्दिर निर्माण | ९५००० |
| **जम्मा** | **१८७४२००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५ जना (करार बाहेक) पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर सहित २७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| ६.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वास्थ्यतर्फका कर्मचारी समेत समेत जम्मा ५४ जना कर्मचारीहरु करारमा राखि रु. १ करोड ७३ लाख खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको वडा सहायक ६ जना, स्टोर सहायक १ जना र न्यायीक सहायक १ जना समेत ८ जना र अन्य कर्मचारी करारमा नियुक्ती गरी बर्षभरीमा रु. ७२,८८,०१५।- भुक्तानी गरेको अनियमित देखिएको रु. | ७,२८८,०१५ |
| ६.३ | | | **कल्याणकारि कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याण कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| ६.४ | | | **वडा सचिवको पदपूर्ति** : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ६ दरबन्दी भएकोमा ५ वडा कार्यालयमा वडा सचिवको दरवन्दी रिक्त भएको देखियो । सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका पदमा पदपुर्ती नभई रिक्त रहेको देखियो । पालिकाले वडा सचिवको पदपुर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ । | |
| ६.५ | | | **सेवा प्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था बमोजिम २२ वटा ऐन, नियम, कार्यविधि लगायतका कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन् । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>निवेदन दर्ता</td><td>सिफारिस भएको संख्या</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td></td><td></td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३४२</td><td>३३५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१३२</td><td>१३२</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>३०</td><td>२८</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१२३</td><td>१२३</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>0</td><td>0</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>न्यायीक समिति–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा समितिमा परेका उजुरी र सोको फछ्र्यौटको विवरण माग गर्दा उक्त विवरण पर्स</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नभएकोले फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन पर्ने उजुरीको सम्वन्धमा एकिन भएन । पालिकाले न्यायिक समितिले सम्पादन गरेका कार्यको अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ । | |
| ७.२ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम,निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ । पालिकाले मन्त्रालयवाट प्राप्त नमुना कानुनहरुको आधार मानी यस बर्ष सम्म सभावाट २२ वटा ऐन/नियम/नीति र कार्यबिधि पारित भएको देखिन्छ । पालिकाले गाउँसभावाट कानुनहरु पारित गरेता पनि उक्त कानुनहरुको कार्यान्वयन प्रभाकारी रुपमा गरेको देखिएन । पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ। | |
| ८ | | | **सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण** | |
| ८.१ | | | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ८.२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छ ।<br><br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ । | |
| ९ | | | **कोभिड १९ खर्च तथा आय व्यय विवरण**<br><br>पालिकाले कोभिड १९ महामारी नियन्त्रण तथा व्यवस्थापनको लागि छुट्टै खाता खोली उक्त खातामा विभिन्न निकायबाट प्राप्त आम्दानी र पालिकावाट विनियोजित रकमको छुट्टै लेखा राखी सोबाट खर्च गर्नुपर्नेमा चालु खर्चबाट कोरोना सम्बन्धी खर्च लेखेको देखिएता पनि कोरोना १९ को लागि भएको खर्चको अभिलेख नराखेको र लेखापरीक्षणको क्रममा कोभिड १९ सम्वन्धि खर्चको आय व्ययको विवरण माग गर्दा प्राप्त नभएकोले उक्त खर्चको सम्वन्धमा थप बिश्लेषण गर्न सकिएन । | |
| १० | | | **आर्थिक सहायता तथा विवध खर्च** | |
| १०.१ | | | **खाना, खाजा तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष बिबिध तथा खाना खाजामा रु. १३,४८,२९८।६० खर्च गरेको छ जुन आन्तरिक आयको शत प्रतिशत भन्दा बढी हो ।पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १०.२ | | | **राहत तथा औषधि उपचार बितरण :** गाउँपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७६ मा व्यवस्थापनको लागि एक छुट्टै कोष रहने र पालिकाले जोखिम न्युनिकरण तथा व्यवस्थापन विपद प्रभावित व्यक्तिलाई राहत उपलव्ध गराउदा मापदण्ड वनाई सोको आधारमा राहत उपलव्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष विपद र विपन्न राहत वापत बिभिन्न व्यक्तिलाई रु. ६,२२,०००/- राहत रकम उपलव्ध गराएकोमा ऐनमा भएको व्यवस्था वमोजिम मापदण्ड तयार नगरी कार्यपालिकाको निर्णय अनुसार राहत रकम उपलव्ध गराएको देखियो । त्यस्तै ऐनमा भएको व्यवस्था बमोजिम पालिकामा रहेको विपद व्यवस्थापन कोषमा रकम जम्मा गरी सोही कोषवाट खर्च गर्नु पर्नेमा पालिकाको चालु खर्चवाट राहत रकम उपलव्ध गराएको देखिन्छ ।<br>त्यस्तै पालिकाले यस बर्ष औषधि उपचार खर्च वापत एक जनालाई रु. २ लाख उपलव्ध गराएको छ । पालिकाले आर्थिक सहायता तथा औषधि उपचार खर्च उपलव्ध गराउदा आवाश्यक मापदण्ड तयार गरी सोही बमोजिम मात्र सहायता रकम उपलव्ध गराउनुपर्दछ। पालिकाले मापदण्ड तयार गरी आर्थिक सहायता उपलव्ध गराउने कार्यालई व्यवस्थित वनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>अनुत्पादक खर्च – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>खर्चको विवरण</th><th>रकम</th></tr>
<tr><td>९०-२०७८।१०।५</td><td>भलिवल कार्यक्रम संचालन</td><td>३००००</td></tr>
<tr><td>९७-२०७८।१०।७</td><td>म्युजिक भिडियो निर्माण</td><td>५५०००</td></tr>
<tr><td>१०६-२०७८।१०।१७</td><td>खेलकुद कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>१६२-२०७८।११।२७</td><td>खेलकुद सम्वन्धि कार्यक्रम</td><td>३००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>अनुदान फिर्ता र अनुगमन</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>अनुदानः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण अनुसार २०७९ असार मसान्तमा खर्च नभई बाँकी रहेको रकम मध्ये निम्नानुसारको रु. १,१२,१४,८१९।- फिर्ता गरेको देखिन्छ ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>फिर्ता रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>४९८५१५३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>बिशेष</td><td>४०५२८६०</td></tr>
<tr><td rowspan="2">प्रदेश सरकार</td><td>बिशेष</td><td>२५९८२९</td></tr>
<tr><td>समपूरक</td><td>१९१६९८७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११२१४८१९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>पालिकावाट प्राप्त बित्तीय प्रतिवेदनको अनुसुची २१ मा संघीय अनुदानतर्फ फिर्ता गर्नुपर्ने रु. ९६,८७,९९८।१४ देखिएकोमा रु. ९०,३८,०१३।- मात्र फिर्ता गरेको देखिएकोले रु. ६,४९,९८५।१४ घटी फिर्ता गरेको देखिन्छ । अतः पालिकाले घटी फिर्ता रकम एकिन गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.</td><td>६४९,९८५</td></tr>
<tr><td>११.३</td><td></td><td></td><td>अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत बिगत बर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकारका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्वन्धी कानुन वनाई अनुगमनलाई प्रभावकारी वनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>उपभोक्ता समिति र खरिद व्यवस्थापन</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न ८९ उपभोक्ता समितिसँग सम्झौता गरी रु. ६,०८,०८,४९५/- भुक्तानी गरी कार्य सम्पन्न गराएकोमा उल्लेखित समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाईएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति बिघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा समितिलाई जिम्मेवार वनाउन कठिनाई हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गराउने गरी सुधार हुनुपर्दछ । | |
| १२.२ | | | **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | |
| १२.३ | | | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र ठेक्काद्वारा गरिने निर्माण कार्य तथा मालसमान खरिदको लागत अनुमानमा समेत गुणस्तर परीक्षणको आईटम समावेश नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएको मालसमानको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य तथा खरिद भएका मालसमान गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएका मालसमानको गुणस्तर परीक्षण गरी निर्माण कार्य र खरिद भएको मालसमान गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| १२.४ | | | **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न आयोजना, कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.५ | | | **एजविल्ट नक्सा पेश नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नुपर्दछ । | |
| १२.६ | | | **नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताबमा ठेक्का नम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ विल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिँदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखिनु पर्दछ। | |
| १२.७ | | | **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,हाल सम्म भएको कामको परिमाण, मुल्य,कार्य सम्पादन जमानत,पेश्की ग्यारेन्टीको अवस्था,काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। | |
| १२.८ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| १२.९ | | | **डि.एल पि.अभिलेखः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| १३ | | | **प्रकोप व्यवस्थापन** | |
| १३.१ | | | **समिति गठन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको विपद व्यव्थापन समिति गठन गरेको भएतापनि बैठक बस्ने तथा अन्य कार्यहरु प्रभाबकारी रुपमा गरेको पाइएन । ऐनमा तोकिए बमोजिम गठन भएको विपद व्यवस्थापन समितिको वैठक निरन्तर बसी उक्त समितिलाई सक्रिय बनाई प्रकोप व्यवस्थापन सम्वन्धि कार्य प्रभाबकारी रुपमा सम्पादन गर्नुपर्दछ । | |
| १३.२ | | | **कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्नता गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गरी बार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पदाधिकारीको सुविधा</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट यस बर्ष पदाधिकारीको सुबिधमा निम्नानुसारको रु. ६२,०४,०००।- खर्च भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष ६ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २० जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>३०००</td><td>३०००</td><td>३०००</td><td>३०००</td><td>२०००</td><td>१४०००</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>९०००</td><td>२०००</td><td>०</td><td>०</td><td>११०००</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>६०००</td><td>५०००</td><td>३५००</td><td>३०००</td><td>२०००</td><td>१९५००</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>५०००</td><td>४५००</td><td>४०००</td><td>३०००</td><td>२०००</td><td>१८५००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>९०००</td><td>७०००</td><td>६०००</td><td>५०००</td><td>३०००</td><td>३००००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>१००००</td><td>९०००</td><td>७०००</td><td>०</td><td>०</td><td>२६०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>३५००</td><td>३०००</td><td>२०००</td><td>२०००</td><td>१०००</td><td>११५००</td></tr>
<tr><td colspan="2">१२ महिनाको जम्मा</td><td>४३८०००</td><td>३७८०००</td><td>१८३६०००</td><td>११५२०००</td><td>१९२००००</td><td>५७२४०००</td></tr>
<tr><td colspan="2">चाडपर्व खर्च</td><td>२५०००</td><td>२२५००</td><td>१०८०००</td><td>५४०००</td><td>१४००००</td><td>३४९५००</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>४६३०००</td><td>४००५००</td><td>१९४४०००</td><td>१२०६०००</td><td>२०६००००</td><td>६२,०४,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>यातायात सुबिधा : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (क) मा वडा अध्यक्षहरुलाई सरकारी सवारी साधन उपलव्ध नगभएको अवस्थामा यातायात सुबिधाको रकम मासिक २००० को दरले उपलव्ध गराउने उल्लेख छ । तर पालिकाले यस बर्ष निम्नानुसार ५ वडाका वडाध्यक्षहरुलाई सरकारी सवारी साधन उपलव्ध गराएको अवस्थामा समेत मासिक यातायात सुविधाको रकम भुक्तानी दिएको देखिन्छ । यसरी ऐनमा भएको व्यवस्था बमोजिम नपाउने सुबिधा भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नंम्वर</th><th>वडा अध्यक्षको नाम</th><th>यातायात सुबिधा भुक्तानी भएको महिना</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>श्री रामलाल वोगटी</td><td>१० (२०७८ असारको समेत)</td><td>२००००</td></tr>
</table>
</td><td>९८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>श्री कर्ण वहादुर विष्ट</td><td>१० (२०७८ असारको समेत)</td><td>२००००</td></tr>
<tr><td>३</td><td>श्री डम्वर वहादुर शाही</td><td>९ (२०७८ असारको समेत)</td><td>१८०००</td></tr>
<tr><td>४</td><td>श्री पदम बहादुर भण्डारी</td><td>१० (२०७८ असारको समेत)</td><td>२००००</td></tr>
<tr><td>६</td><td>श्रीकटक बहादुर बिष्ट</td><td>१० (२०७८ असारको समेत)</td><td>२००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>भ्रमण खर्च : सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,2075 को अनुसुची १(क) मा आफ्नो स्थानीय तह भन्दा बाहिर भ्रमण गरेको अवस्थामा मात्र पदाधकारी तथा सदस्यहरुलाई भ्रमण खर्च उपलव्ध गराउने उल्लेख छ । तर पालिकाले निम्नानुसार पदाधिकारीहरलाई आफ्नो स्थानीय तह भित्र बिभिन्न योजनाको अनुगमन र भ्रमण गरेवापत भ्रमण खर्च उपलव्ध गराएको देखिन्छ । यसरी ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको भ्रमण खर्च असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गोश्वरा भौचर नं र मिति</th><th>वडा नं</th><th>पदाधिकारीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td rowspan="2">१८२-२०७९।१।४</td><td rowspan="2">६</td><td>अध्यक्ष श्री कटक बहादुर बिष्ट</td><td>८२५०</td></tr>
<tr><td>सदस्य श्री मान बशहादुर बुढा</td><td>६८७५</td></tr>
</table>
</td><td>१६५,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | सदस्य श्री जनकला सार्की | ६८७५ | |
| | | | | | सदस्य श्री डवल बहादुर सार्की | ६८७५ | |
| | | | | | सदस्य श्री पछु दमाई | ६८७५ | |
| | | | १८९-२०७९।१।४ | ३ | अध्यक्ष श्री डम्वर बहादुर शाही | ८२५० | |
| | | | | | सदस्य श्री तुला लुवार | ९८७५ | |
| | | | | | सदस्य श्री चैते लुवार | ९८७५ | |
| | | | | | सदस्य श्री रमेश वहादुर शाही | ६८७५ | |
| | | | | | सदस्य श्री हंश बढुवाल | ६८७५ | |
| | | | २२३-२०७९।२।२५ | १ | अध्यक्ष श्री रामलाल वोगटी | ८००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | सदस्य श्री भिम बहादुर बिष्ट | ७५०० | |
| | | | | | सदस्य श्री सुलोचना रोकाया | ७५०० | |
| | | | | | सदस्य श्री डवल विक | ७५०० | |
| | | | | | सदस्य श्री हमन वहादुर विष्ट | ८००० | |
| | | | | | सदस्य श्रि भुन्टी कामी | ७५०० | |
| | | | ३३५-२०७९।३।२४ | १ | अध्यक्ष श्री छक्क वहादुर भण्डारी | ७००० | |
| | | | | २ | अध्यक्ष श्री गौरी सार्की | ७००० | |
| | | | | ३ | अध्यक्ष श्री रमेश बहादुर शाही | ७००० | |
| | | | | ४ | अध्यक्ष श्री धन बहादुर सार्की | ७००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>५</td><td>अध्यक्ष श्री धनविर सार्की</td><td>७०००</td></tr>
<tr><td></td><td>६</td><td>अध्यक्ष श्री गणेशराज गिरी</td><td>७०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१६५५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कर दस्तुर एवं आन्तरिक आय<br><br>कर अनुमान र संकलनः स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शीर्षकगत नगरी एकमुष्ट आय रु१६,८०,०००।-प्रक्षेपण गरेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु११,५४,६८८।-(६८.७३ प्रतिशत) मात्र संकलन भएको देखिन्छ। वास्तविक आय संकलन घटी देखिएबाट आएको अनुमान भरपर्दो देखिएन । आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता<br><br>यस पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म ले प फा नं ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ। पालिकाले गत वर्षको ठेली कति संख्यामा मौज्दात रहेको विवरण नराखेकोले पुरानो ठेली संख्याको प्रयोग र सो ठेलीबाट राजश्व दाखिला भएको रकम एकिन भएन।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अभिलेख</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। आर्थिक वर्ष २०७८/७९ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ। | |
| १८ | | | **राजस्व अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ र दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाड गर्नुपर्ने उल्लेख छ। पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन।। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।पालिकाले मालपोत दस्तुर लिने नगरेकोले गर्दा राजश्व असुली यथार्थपरक छैन।वडामा सचिवहरुलाई दुई भन्दा बढी वडाहरुको जिम्मेवार दिएकोले वडा अनुसारको राजश्व असुली बैंक दाखिला नगरी एकमुष्ट दाखिला गर्ने गरेकोले के कति कुन वडाको हो भन्ने छुट्टाउन सकिएन तथा पालिकाले पनि वडागत हिसाव नराखेकोले गर्दा राजश्व संकलनलाई व्यवस्थित एवं यथार्थपरक बनाउन स्वचालित प्रविधि मार्फत राजश्व कारोबार गर्नुपर्दछ। | |
| १९ | | | **दहत्तर बहत्तर शुल्क**<br><br>सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७८ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ मा तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । यस पालिकाले आर्थिक वर्ष २०७७।७८ मा ढुङ्गा, गिट्टी, वालुवाको ठेक्काको सूचना प्रकाशन गरेतापनि कुनै पनि फर्म÷व्यक्ति सहभागी नभएको र उक्त आर्थिक बर्ष पछि आय ठेक्का प्रक्रिया अगाढी नवढाई अमानतवाट दहत्तर बहत्तर शुल्क असुल गरेको देखिन्छ । तर हाल पनि त्यस क्षेत्रमा नदिजन्य वस्तुको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उत्खनन् भइरहेकोमा पालिकाले ठेक्का प्रक्रिया अगाढी नवढाई अमानत वाट न्युन शुल्क असुल गरि रहेको देखीएकोले पालिकाले आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २० | | | **घर वहाल**<br><br>सहकर्मी समाज, बाजुरा र जगनान्थ गाउँपालिका १० शैया अस्पताल व्यवस्थापन समिति बीच ३ कोठा वहाल प्रति महिना रु. ४४४४ मा दिने लिने सम्झौता भएकोमा सम्झौता बमोजिमको बहाल रकम प्राप्त भएको अभिलेख पालिकामा नरहेकोले पालिकाले प्राप्त गर्नुपर्ने बहाल रकम एकिन गरी असुल गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २१ | | | **धरौटी फिर्ता**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मूल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरि धरैटी फिर्ता गर्ने गरेको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु. | ७६१,७४६ |
| २२ | | | **सामाजिक सुरक्षा एवं संरक्षणतर्फ** | |

| सि.न. | गो.भौ.नं. र मिति | फर्मको नाम | प्यान नम्बर | रकम |
|---|---|---|---|---|
| १ | २९।२०७८।१०।१८ | ॐ निर्माण सेवा | ३०३०४१७२० | १३४६७० |
| २ | | अर्पन कन्स्ट्रक्सन | ६०६७९३५०८ | ६२७०७६ |
| जम्मा | | | | ७६१७४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **एम.आई.एस.प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदाँ र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। | |
| २३ | | | **लाभग्राहीको विवरण प्रविष्टि गर्ने**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन । | |
| २४ | | | **पारदर्शिता र जवाफदेहिता**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । | |
| २५ | | | **अनुगमन**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| २६ | | | **सार्वजनिक सुनुवाई**<br><br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । | |
| २७ | | | **भत्ता वितरण**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन। | |
| २८ | | | **खातामा दोहोरो रकम निकासाः** | ९४,२२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस जगन्नाथ गाउँपालिकामा सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त गर्ने लाभग्राहीहरुको पालिकाबाट forward feed बाट गएको पहिलो र दोस्रो त्रैमासिकको लाभग्राही विवरण अनुसार बैंकले दोहोरोपना एकिन नै नगरी खाता खोलिएकोले एक लाभग्राहीको दोहोरो लाभग्राही नम्बर भई उक्त लाभग्राहीको खातामा दोहोरो रकम जम्मा भएको भत्ता रकम दोहोरो पर्न गएकोले खाताबाट पालिकामा फिर्ता पठाई खाता बन्द गर्नुपर्ने तथा फिर्ता पठाउनु पर्ने रकम रु. | |

| लाभग्राहीको नाम | खाता नं. | विवरण | रकम |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| PURNA GIRI | ०७२०९१८९६३००१३ | पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो | २४००० |
| DIBHASKAR BISTA | ०७२०९३१०९५००१५ | पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो | ३१९२ |
| DIRGA LOHAR | ०७२०९३८७३९००१९ | पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो | ३१९२ |
| ICHHA BK | ०७२०९१९४५९००१९ | पहिलो त्रैमासिकमा दोहोरो | १५९६ |
| MAN BAHADUR DAMAI | ०७२०९३१९३५००१५ | पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो | ३१९२ |
| SIMRAN LOHAR | ०७२०९३२१८५००१५ | पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो | ३१९२ |
| JAGAT LAWAR | ०७२०९३१५२८००१८ | पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो | ३१९२ |
| SUMAN KAMI | ०७२०९३८०८६००१६ | पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो | ३१९२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>MANKALA BOGATI</td><td>०७२०९५३४०६००१६</td><td>दोस्रो त्रैमासिकमा दोहोरो</td><td>१५९६०</td></tr>
<tr><td colspan="4">वडा नं.२</td></tr>
<tr><td>NITESH BK</td><td>०७२०९३३७६१००११</td><td>पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो</td><td>३१९२</td></tr>
<tr><td>वडा नं. ४</td><td></td><td></td><td></td></tr>
<tr><td>ANKUSH DHARALA</td><td>०७२०९४१३९२००१२</td><td>पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो</td><td>३१९२</td></tr>
<tr><td>RABINA DHARALA</td><td>०७२०९४१८२३००१३</td><td>पहिलो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>HIMATA KHATRI</td><td>०७२०९६६६५५००१५</td><td>पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो</td><td>३१९२</td></tr>
<tr><td>AAYUSH DHOLI</td><td>०७२०९५७०८६००१६</td><td>पहिलो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>AADARSHA BHANDARI</td><td>०७२०९५३७३६००१६</td><td>दोस्रो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>SUJATA BHANDARI</td><td>०७२०९५३५२२००१२</td><td>दोस्रो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td colspan="4">वडा नं. ५</td></tr>
<tr><td>SAMIKSH KAMI</td><td>०७२०९४२५६०००१२</td><td>अशक्त ख वर्ग रु. ६३८४ र दलित वालवालिका रु. १५९६ भुक्तानी</td><td>१५९६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>BHAGESH KUMAR SAHI</td><td>०७२०९४२८०१००११</td><td>पहिलो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>PRARAPTI KUMARI SARKI</td><td>०७२०९४३१०१००११</td><td>पहिलो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>AAGESH KUMAR SHAI</td><td>०७२०९४२८०१००११</td><td>दोस्रो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>AASIKA BUDHA</td><td>०७२०९४३११२००१२</td><td>दोस्रो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>N B SARKI</td><td>०७२०९५३६०५००१५</td><td>दोस्रो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td colspan="4">वडा नं. ६</td></tr>
<tr><td>JABINDRA RAWAL</td><td>०७२०९६९३३५००१५</td><td>पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो</td><td>३१९२</td></tr>
<tr><td>RIYANA BISTA</td><td>०७२०९१०१२०००११</td><td>पहिलो त्रैमासिकमा दोहोरो</td><td>१५९६</td></tr>
<tr><td>SUJATA DAMAI</td><td>०७२०९४५४५२००१२</td><td>पहिलो र दोस्रो त्रैमासिकमा दोहोरो</td><td>३१९२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९४२२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासा<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने</td><td>४३,९८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको छन। पालिकाले लाभग्राही लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.<br><table>
<tr><th>लाभग्राहीको नाम</th><th>समूह</th><th>विवरण</th><th>त्रैमासिक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td colspan="5">वडा नं. ३</td></tr>
<tr><td>ईन्दु देवी शाही</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।१२।२५</td><td>तेस्रो र चौथो</td><td>२४०००</td></tr>
<tr><td>रेला सिंह</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७९।३।५</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td colspan="5">वडा नं. ५</td></tr>
<tr><td>जारकला सार्की</td><td>ज्येष्ठ नागरिक दलित</td><td>मृत्यू मिति २०७९।३।१५</td><td>चौथो</td><td>७९८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४३९८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>बँकी रकम फिर्ता<br><br>पालिकाबाट सामाजिक सुरक्षा भत्ता हिमालयन बैङ्क लिमिटेडमा वितरणको लागि हिसाव मिलान खातामा रकम निकाशा गरेको छ। लेखापरीक्षणका क्रममा ३ वडालाई नमुना छनौट गरी माथि उल्लेख गरीएका लाभग्राहीको मृत्यु भईसेकेकोले पाउने रकम मृत्य भएको दिनसम्म गणना गरी लाभग्राहीको परिवारलाई निवेदन आएमा दिने तथा बैंङ्कमा रहेको निष्कृय खाताको सम्पूर्ण रकम संचित कोषमा दाखिला गर्नुपर्दछ । बाँकी वडाहरुको हकमा समेत पालिकाले लाभग्राहीको मृत्यु एव अन्य कारणबाट सामाजिक सुरक्षा भत्ता बैङ्कबाट नझिकेको अवस्थामा निष्कृय खाताको विवरण माग गरी रकम यकिन गरेर संचित कोषमा दाखिला गर्नुपर्दछ । कोष</td><td>६९०,०४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा लेखा नियन्त्रक कार्यालयले यस वर्ष रु. ५,४६,९०,९८०।– पालिकाको खाता रहेको बैंकमा रकम ट्रान्सफर गरेकोमा लाभग्राहीको खातामा जम्मा गरेर बाँकी रहेको रकम समेत फिर्ता गरेकोमा अझै रकम रु. ६,९०,०४०।- पालिकाको हिसाव मिलान खातामा देखिन्छ तथा उक्त रकम संचित कोषमा दाखिला गरेको छैन । लाभग्राहीको खातामा जम्मा भई बाँकी रहेको रकम समयमै संचित कोषमा दाखिला गर्नुपर्ने रु. | |
| ३१ | | | **सशर्त चालुतर्फ** | |
| ३१.१ | | | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| ३१.२ | | | **शिक्षकको तलवी प्रतिवेदन** : स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ मार्फत राष्ट्रिय शिक्षक किताव खानावाट पारीत गराइ प्राप्त तलवि प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउनु पर्दछ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा पालिका भित्रका सम्पूर्ण शिक्षकको तलवि प्रतिवेदन पारीत नगराइ विद्यालयले माग गरेको माग फारामको आधारमा तलव भत्ता भुक्तानी गरेको छ । जसवाट विद्यालयका शिक्षकहरु लाई भुक्तानी भएको तलव र ग्रेड एकिन गर्न नसकिने हुँदा तलवी प्रतिवेदन पारीत गराएर मात्र शिक्षकहरुको तलव भुक्तानी गर्नु पर्दछ । | |
| ३२ | | | **शिक्षकको अभिलेख**<br><br>पालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि एकिन गर्न नसकिने हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ३३ | | | **शिक्षक दरवन्दी र पदपुर्ती** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न १७ सामुदायीक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | भवानी आधारभुत विद्यालय | ३ | ३ | ० | ७८ |
| २ | सरस्वती माध्यामिक विद्यालय | ७ | ७ | १ | ५१२ |
| ३ | धवलपुरा आ.वि. | २ | २ | ० | ७६ |
| ४ | विरुवा आ.वि. | २ | २ | ० | १०७ |
| ५ | वालविकास आ.वि. | ५ | ५ | ३ | १८१ |
| ६ | कैलाश मा.वि. | ११ | ११ | ५ | ७७४ |
| ७ | महादेव आ.वि | ४ | ४ | २ | १७६ |
| ८ | मालिका आ.वि. | ३ | ३ | ० | १९४ |
| ९ | बालकल्याण आ.वि. | ३ | ३ | १ | ८६ |
| १० | दुधेशिल्ला आ.वि | २ | २ | ० | ११६ |
| ११ | देवलकोट मा.वि. | ९ | ९ | २ | ५७० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>जनउत्थान प्रा.वि.</td><td>०</td><td>०</td><td>०</td><td>१६</td></tr>
<tr><td>१३</td><td>पशुपति आ.वि.</td><td>०</td><td>०</td><td>०</td><td>४७</td></tr>
<tr><td>१४</td><td>सरस्वती आ.वि.</td><td>३</td><td>३</td><td>२</td><td>१४६</td></tr>
<tr><td>१५</td><td>सम्भुनाथ आ.वि.</td><td>२</td><td>२</td><td>१</td><td>९१</td></tr>
<tr><td>१६</td><td>खिरारुख आ.वि.</td><td>२</td><td>२</td><td>0</td><td>१०२</td></tr>
<tr><td>१७</td><td>वैदिकसनातन गुरुकुल विद्यापिठ</td><td>०</td><td>०</td><td>०</td><td>२६</td></tr>
<tr><td>१८</td><td>घटालामष्टा आ वि</td><td>०</td><td>०</td><td>०</td><td>६०</td></tr>
<tr><td>१९</td><td>वालसुधार आ वि</td><td>०</td><td>०</td><td>०</td><td>५६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५८</td><td>५८</td><td>१५</td><td>४१४</td></tr>
</table>
पालिकाले दरवन्दी अनुसारको शिक्षक पदपुर्ती गरी पठनपाठन कार्यलाई प्रभाबकारी र गुणस्तरीय वनाउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>निशुल्क पाठ्यपुस्तक<br><br>पालिकाले विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान दिंदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तक संख्या एकिन गरी रकम अनुदान दिनुपर्दछ । यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र २०७९ बैशाखवाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद एवं वितरण गरेको भरपाईको आधारमा नपुग हुने रकम थप गर्न सकिने व्यवस्था निर्देशिकामा रहेको छ । पालिका अन्तर्गतका विद्यालयहरुलाई नपुग भएको भनी</td><td>२६६,७७८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पाठ्यपुस्तक खरिद एवं वितरणको प्रमाण बेगर थप पाठ्यपुस्तकको लागि रु. २,६६,७७८।-निकासा दिएकोले उल्लेखित रकमको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br><table>
<tr><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>कैलाश मा वि</td><td>८६१८९</td></tr>
<tr><td>देवलकोट मा वि</td><td>६९२९४</td></tr>
<tr><td>महादेव आ वि</td><td>२९२३५</td></tr>
<tr><td>विरुवा आ वि</td><td>७९९३</td></tr>
<tr><td>वालकल्यान आ वि</td><td>१००३९</td></tr>
<tr><td>जनउत्थान आ वि</td><td>३०३०</td></tr>
<tr><td>घटालामष्टा आ वि</td><td>१९१०७</td></tr>
<tr><td>सरस्वती आ वि</td><td>१६३०४</td></tr>
<tr><td>पशुपती आ वि</td><td>१०७०५</td></tr>
<tr><td>शम्भुनाथ आ वि</td><td>१४८८२</td></tr>
<tr><td>जम्मा</td><td>२६६७७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>दोहोरो तलव निकासा<br><br>विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन विवरण विद्यालयवाट प्राप्त माग फारम रुजु गरी अनुदान दिनुपर्नेमा देवलकोट मा.वि.गोत्रीका प्रा.वि.द्धितिय शिक्षक चन्द्र वहादुर विष्टको वार्षिक तलव भत्ता निकासा भइसकेको अवस्थामा २०७८ माघ देखि चैत्रको तलव निकासामा छुट तलव भनि रु. १,२३,३९०।- निकासा गरेकोले दहोरो भुक्तानी भएको तलव असूल गर्नुपर्ने रु.</td><td>१२३,३९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>छुट तलवको प्रमाण<br><br>महादेव आ.वि. मनिडाडाका का.स. नन्द वहादुर शाहीलाइ २०७९ वैशाख देखि अषाढ सम्मको तलवमा रु. ८००० छुट खर्च भनि निकासा दिएको सम्वन्धमा पुष्टयाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>८,०००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>बढी निकासा<br><br>विरुवा आ.वि. मल्लोहुनीका कर्मचारी चरीत्रा विष्ट र दान वहादुर विष्टलाइ रु. २०,०००।- पोषाक खर्च २०७८ चैत्रमा निकासा भएकोमा पुन २०७९ वैशाख देखि अषाढको निकासामा समेत थप गरी दिएकोले दोहोरो निकासा भएको पोषाक खर्च रु. २०,०००।- असुल गर्नुपर्ने रु.</td><td>२०,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>वाल विकास सहजकर्ता र बिद्यालय कर्मचारीको निकासा<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरको आर्थिक वर्ष २०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको पेज नं १२ को १.१ र १.२ मा प्रारम्भिक वालविकास केन्द्रका सहजकर्ताको पारीश्रमिक प्रति महिना रु ८०००। र सहायक कर्मचारी लेखापालको लागि मासिक रु. १३,५००।- का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने र वजेट वक्तव्यमा उल्लेख भए वमोजिम नेपाल सरकारले निर्धारण गरे वमोजिमको न्यूनतम पारीश्रमिक रु. १५ हजार पुर्याउदा थप गर्नुपर्ने रकम सम्वन्धित स्थानिय तहले व्यहोर्ने उल्लेख भएकोमा पालिकाले २०७९ वैशाख देखि अषाढको पारीश्रमिक निकासामा स्थानिय तहले व्यहोर्ने रकम समेत समावेश गरी शसर्त चालु अनुदानवाट खर्च लेखेको छ । संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रकम सहजकर्ता र सहायक कर्मचारीको पारीश्रमिकमा खर्च लेखेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा दिनु पर्ने रकम</th><th>दिएको रकम</th><th>शसर्त वढि निकासा रकम</th></tr>
<tr><td>सरस्वती मा.वि.</td><td>११२५००</td><td>२०२५००</td><td>९००००</td></tr>
<tr><td>कैलाश मा.वि.</td><td>८८५००</td><td>१५४५००</td><td>६६०००</td></tr>
</table></td><td>७३०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>देवलकोट मा.वि.</td><td>८८५००</td><td>१५४५००</td><td>६६०००</td></tr>
<tr><td>महादेव आ.वि.</td><td>२४०००</td><td>४५०००</td><td>२१०००</td></tr>
<tr><td>वालविकास आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td>विरुवा आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td>धवलपुरा आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td>भवानी आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td>मालिका आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td>वालकल्याण आ.वि.</td><td>४८०००</td><td>८५०००</td><td>३७०००</td></tr>
<tr><td>शम्भुनाथ आ.वि.</td><td>२४०००</td><td>४८०००</td><td>२४०००</td></tr>
<tr><td>दुधेशिला आ.वि.</td><td>७२०००</td><td>१३८०००</td><td>६६०००</td></tr>
<tr><td>सरस्वती आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td>पशुपति आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td>खिरारुख आ.वि.</td><td>४८०००</td><td>९३०००</td><td>४५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७३००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>फरक शिर्षकमा खर्च<br><br>सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने व्यवस्था रहेकोमा पालिकाले शिक्षा सशर्त अनुदान तर्फको आधारभूत तथा माध्यामिक तहका स्वीकृत दरवन्दी</td><td>३,८८५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा अनुदानमा कार्यरत शिक्षकको थप तलव भत्ता र प्रारम्भिक वालविकास सहजकर्ताहरुको पारीश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन थप अनुदान शिर्षकवाट बचत भएको रकमवाट पालिकाले देहाय अनुसार रु. ३८,८५,०००।- फरक शिर्षकमा आर्थिक वर्षको अन्त्यमा खर्च गरेको छ । संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरी आर्थिक बर्षको अन्तमा अन्य कार्यक्रममा खर्च लेखेकोले उक्त रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>गाउपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा इ. हाजिरी खरिद तथा ढुवानी</td><td>६९६०००</td><td rowspan="3">प्रतिस्पर्धा वेगर पालिका आफैले आर्थिक वर्षको अन्त्यमा सोझै खरिद गरेको वितरण गर्न वाकी</td></tr>
<tr><td>विद्यालयका लागि फोटोकपि मेशिन खरिद तथा ढुवानी</td><td>४०००००</td></tr>
<tr><td>विद्यालयका लागि ल्यापटप खरिद तथा ढुवानी</td><td>१६५००००</td></tr>
<tr><td>सरस्वती मा वि डाडाकोटमा अनुदान</td><td>२०००००</td><td></td></tr>
<tr><td>कैलास मा वि महती अनुदान</td><td>५०४०००</td><td></td></tr>
<tr><td>देवलकोट मा वि गोत्रीमा अनुदान</td><td>२०००००</td><td></td></tr>
<tr><td>घटालामाष्टा आधारभूत विद्यालय अनुदान</td><td>१७००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सम्भनाथ आधारभूत विद्यालय अनुदान</td><td>६५०००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>३८८५०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
अग्रिम कर कट्टी नगरेको<br><br>
पुस्तकालय आइसिटी र विज्ञान प्रयोगशालाको लागि देहायका विद्यालयहरुलाइ रु. ६,५०,०००।- का दरले विद्यालय खातामा निकासा दिएकोमा संलग्न खर्चको विल भर्पाइमा खरिद भएका सामाग्रीहरुको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९ वमोजिम १.५ प्रतिशत अग्रिम कर कट्टि नभएकोले रु. २९,२५०।- असूल गरि दाखिला हुनुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>खरिद विल</td><td>कट्टि नभएको रकम</td></tr>
<tr><td>कैलास मावि</td><td>६५००००</td><td>९७५०</td></tr>
<tr><td>देवलकोट मावि</td><td>६५००००</td><td>९७५०</td></tr>
<tr><td>सरस्वती मावि</td><td>६५००००</td><td>९७५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९२५०</td></tr>
</table>
</td><td>२९,२५०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
प्रमाण वेगरको खर्च<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । घटाल माष्टा आ.वि. लाई रु. १,२०,०००।- निकासा दिएकोमा सो रकम का प्रयोजनको लागि दिएको सो को खर्चको पुष्टयाइ प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.
</td><td>१२०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **स्यानिटरी प्याड**<br><br>विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा १३१४० प्याकेट सेनिटरी प्याड खरिद गरी रु. ९,१९,८४६।- भुक्तानी गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण संलग्न राखी खर्च लेख्नु पर्दछ । | |
| ४३ | | | **स्वास्थ्यतर्फ** | |
| ४३.१ | | | **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी वर्षभरी तलव खर्च लेखेको छ । पालिकाले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| ४३.२ | १४७ | २०७९ -३-२१ | **बढी भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । मिति २०७८।११ ।१८ देखि २४ सम्म संचालित वृहत पोषण कार्यक्रममा प्रमिला विष्टले लिएको रु. ४,८०,०००।- को पेश्की फछ्यौट विलमा तालिम संयोजक भत्ता रु. ८४००।- खर्च लेखिसके पश्चात तालिम व्यवस्थापन खर्च रु. ८,४००।- समेत लेखेको पाइयो । तालिम संयोजक र व्यवस्थापन दुवै खर्च लेख्न नमिल्ने रु. ८,४००।- असूल हुनुपर्ने रु. | ८,४०० |
| ४३.३ | | | **प्रमाण पेश नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पोषण कार्यक्रमको लागी ४० थान व्याग रत्न इन्टरप्राइजेज नेपालगंजवाट रु. १,१३,०००।- मा खरिद गरेको विल संलग्न गरि लक्ष्मण गिरीलाइ सोधभर्ना दिएकोमा उक्त व्यागहरु वितरण गरेको प्रमाण पेश नभएकोले व्याग वितरणको भरपाई पेश गर्नुपर्ने रु. | ११३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.४ | | | **आमा सुरक्षा कार्यक्रम :** जगन्नाथ वडा नं १ को स्वास्थ्य संस्थालाई मातृ तथा नवशिशु आमा सुरक्षा कार्यक्रमको रु. १,२५,६००/- भुक्तानी गरेकोमा उक्त रकम सम्बन्धित सुत्केरीहरुले बुझिलिएको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु. | १२५,६०० |
| ४३.५ | | | **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले उक्त प्रक्रियावेगर रु. १७,४९,८९९।- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्र पत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित गरी रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ४४ | | | **कोभिड राहत वितरण**<br><br>कोभिड प्रभावित २६३ जनालाइ १० हजारका दरले राहत वितरण गर्न रु. २६ लाख ३० हजार निकासा भएकोमा वडावाट सिफारीस गरेका २५२ जनालाइ रु. २५ लाख २० हजार राहत वितरण गरी खर्च लेखेको छ । तर निर्देशिकामा एकाघर परीवारका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कुनै सदस्यले सरकारी निजी वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरीरहेका, परीवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलव्ध हुने अन्य सामाजिक सुरक्षा वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थावाट निवृत्तीभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरीरहेका, सञ्चित आय वा पैत्रिक सम्पत्तीवाट तत्कालको आवश्यकता पूरा गर्न सक्ने अवस्था रहेका र प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार प्रदेश सरकार वा स्थानिय तहको कार्यक्रम वमोजिम यस प्रयोजनको लागी एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परीवार राहत प्राप्त गर्न अयोग्य हुने भनि उल्लेख भएकोमा सिफारीस र निर्णयमा माथि उल्लेखित कुराहरुको पूर्ण पालना भएको पाइएन । तसर्थ निर्देशिकामा उल्लेखित शर्तहरुको पूर्ण पालना गरी सिफारीस र निर्णय हुनु पर्दछ । | |
| ४५ | | | **कृषि र पशुतर्फ** | |
| ४५.१ | | | **कृषि प्रवर्द्धन कार्यक्रम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिकाले देहायका फर्महरुवाट फलफूल विरुवाहरु खरीद गरी कृषकहरुलाइ वितरण गरेको छ । पालिकाले फलफूल विरुवा खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धाको माध्ययबाट गर्नुपर्नेमा सोझै एकमुष्ट खरिद गरेको छ । पालिकाले ऐन नियममा भएको व्यवस्था बमोजिम खरिद कार्य प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्दछ । | |

| भौ.नं/मिती | खरिद गरेको फर्म | प्रयोजन | रकम |
|---|---|---|---|
| ५८-०७८।११।२२ | पश्चिम एग्रो फरेष्ट्री प्रा ली | किवि कलमि वोट खरिद | ६७०००० |
| ५९-०७८।११।२२ | पश्चिम एग्रो फरेष्ट्री प्रा ली | ओखर कलमि वोट खरिद | ६४८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.२ | | | **अग्रीम आयकर** - आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसारको भुक्तानीमा तोकिएको दरले अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायको कार्यक्रममा घटि कर कट्टी गरि छुट हुन गएको देहाय अनुसारको रकम असुल गरि राजश्वमा दाखिला गर्नुपर्ने रु. | २२,१४५ |

| **भौ नं. र मिति** | विवरण | **कर योग्य खर्च** | **कट्टी गर्नुपर्ने कर रकम** | **कट्टी गरेको कर रकम** | नपुग |
|---|---|---|---|---|---|
| १९०/०७९।३।२० | एक महिने सिलाइ कटाइ तालिम प्रशिक्षक चर्चा रोकाय सोधभर्ना नरहरी विष्ट | २५००० | ३७५० | २५० | ३५०० |
| १०५/०७९।१।७ | १००० दिनका आमाहरुलाइ करेसा वारी निर्माण तालिम नाप्रास मंगल प्रसाद उपध्याय | १६८०० | २५२० | ० | २५२० |
| २१९/०७९।३।२३ | उद्यम विकास कार्यक्रम नरहरि विष्ट | १६३५०० | २४५२५ | १९२७५ | ५२५० |
| २०३/०७९।३।२१ | निसान कम्प्यूटर ट्रेडर्स वाकेवाट खरिद सामाग्रि राजेन्द्र प्रसाद जोशि सोधभर्ना | १४५००० | १४५०० | ३६२५ | १०८७५ |
| **जम्मा** | | | | | **२२१४५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.३ | | | **प्रशिक्षक भत्ता** - सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.४ ले सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार र कार्य सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा पालिकास्तरमा कक्षा सञ्चालन वापत रु.७००।- र कार्यपत्र वापत रु.८००।- तोकेको छ जसअनुसार सम्बन्धीत कार्यालयले सञ्चालन गरेको तालीममा सोही कार्यालयको कर्मचारीले कक्षा लिए वापतको पारीश्रमीक नपाउने तर कार्यपत्रको रकम मात्र पाउने व्यवस्था गरेकोमा निम्नानुसारको तालिममा कार्यालयका कर्मचारीलाई कक्षा लिए वापतको रकम समेत भुक्तानी दिएको देखिंदा नपाउने रकम असुल गरी गर्नुपर्ने रु. | २८,७३० |

| **गो.भौ.नं.र मिति** | **कार्यक्रम** | प्रशिक्षक | कक्षा सख्या | कार्यपत्र वापत दिनु पर्ने दर | दिएको | कर कट्टी पछिको कक्षा वापतको बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २२५/०७९/३/२४ | एमएनएच रोड म्याप अपडेड | रविन्द्र वहादुर शाही | ३ | ८०० | १४०० | १५३० |
| | | फुलमाया उपाध्याय | ३ | ८०० | १४०० | १५३० |
| | | करिष्मा लोहार | २ | ८०० | १४०० | १०२० |
| १४७/०७९/३/११ | वृहत पोषण कार्यक्रम | प्रमिला रोकायले लिएको पेश्की विलको वितरणमा | २८ | ८०० | १२०० | ९५२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११७/०७९/२/२४</td><td>उद्यमशिलता विकास तालिम</td><td>नरहरि विष्ट</td><td>२४</td><td>८००</td><td>१२००</td><td>८१६०</td></tr>
<tr><td>१८५/०७९/३/१९</td><td>आ इ एम आइ एस सम्वन्धि तालिम</td><td>जय वहादुर साउद</td><td>५</td><td>८००</td><td>१४००</td><td>२५५०</td></tr>
<tr><td>१८९/०७९/३/२०</td><td>कर्मचारी तथा जनप्रतिनिधिलाइ तालिम</td><td>चन्द्र वहादुर विष्ट</td><td>४</td><td>८००</td><td>१२००</td><td>१३६०</td></tr>
<tr><td>१७५/०७९/३/१६</td><td>स्वास्थ्य चौकिमा वन साइड कोचिङ कक्षा</td><td>प्रमिला रोकाय</td><td>९</td><td>८००</td><td>१२००</td><td>३०६०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२८७३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>बाखा खरिद</td><td></td></tr>
<tr><td>४६.१</td><td></td><td></td><td>कार्यालयले १६२ वाखा र १२ वोयर वोका वोलपत्रको माध्यमवाट ग्रेटर एग्रो वाखा फर्म दैलेखसंग वाखा प्रति गोटा रु. १७,२५५।५५ र वोयर वोका प्रति गोटा रु. ५०,०००।- का दरले रु. ३३,९५,४७२।- मा २०७९ जेष्ठ मसान्तभित्र ढुवानी गरी वुझाइ सक्नुपर्ने गरी कार्यसम्पादन जमानत नलिइ सम्झौता गरेकोमा कार्यालयमा २०७९अषाढ ८ गतेमात्र उक्त वाखा खरिद गरी वुझाएको पाइयो । म्याद थप नगरी ८ दिन ढिला गरी वाखा वुझाएकोले प्रतिदिन ०.०५ प्रतिशतका दरले रु. १३,५८१।- हर्जाना असुल गर्नुपर्ने रु.</td><td>१३,५८१</td></tr>
<tr><td>४६.२</td><td></td><td></td><td>वोलपत्रको माध्यमवाट खरिद भइ वचत रकमवाट कार्यालयले सोहि फर्मसग सोझै खरिद गर्दा सोहि जातका वाखा प्रति गोटा रु. २०,२७०।- का दरले १९ वाखा खरिद गरि रु. ५७,२५६।- थप व्ययभार पारि खर्च गरेको नियमसम्मत नदेखिएको रु.</td><td>५७,२५६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.३ | | | लिगलिगे वाख्रापालन पकेट संचालक समितिले प्रतिस्पर्धा वेगर ग्रेटर एग्रो वाख्रा फर्मसंग २८ गोटा वाख्रा रु. ५,२०,०००।- मा खरीद गरेको छ। खरिद कार्य प्रतिष्पर्धी र पारदर्शी हुनु पर्दछ । माथि उल्लेखित खरिद भएका पशुहरुको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई वीमा गर्नुपर्ने र ट्यागिङ गरी पारदर्शी तवरवाट अभिलेख राख्नुपर्नेमा सो समेत गरेको देखिएन । तसर्थ तोकिए बमोजिम पशुहरुको स्वास्थ्य परीक्षण, वीमा तथा ट्यागिङ्ग समेत गरी कार्यक्रम संचालन गर्न पालिकाले ध्यान पुऱ्याउनु पर्दछ | |
| ४७ | | | **उद्यम बिकास**<br><br>**हवाइ वोडिङ पास वेगर खर्च :** उद्यम विकास सहजकर्ता नरहरी विष्टले ७ अप्रिल २०२२ वाजुरा नेपालगंज र १३ अप्रिल २०२२ नेपालगंज वाजुराको हवाइ भाडा वापत रु. १५,०००।- खर्च दावि गरेकोमा सोको वोरिङ पास पेश नगरेकोले वोडिङ पास पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | १५,००० |
| ४८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा वाटो निर्माण तथा सडक मर्मत घेरावार लगायतका ५२ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ३९० जनालाई ९७ दिन देखि १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला बापत रु. २,२१,९२,२८६।- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ४९ | | | **गाउँपालिका चालुतर्फ** | |
| ४९.१ | | | **पारीश्रमिक कर:** आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिको सो आय बर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समावेश गरिने र कुल कर योग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकि करयोग्य आयमा दफा ८७ अनुसार अनुसुची १ बमवजिमको दरमा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारीको बार्षिक आय गणना गरी पारिश्रमिक कर कट्टी गरेता पनि प्रोत्साहन भत्त आयमा समावेश नगरेकोले निम्नानुसार घटी कर कट्टी भएको देखिन्छ । पालिकाले घटी कट्टी भएको कर सम्वन्धितवाट असुल गर्नुपर्ने रु. | २४,३२१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>कर्मचारीको नाम</td><td>कट्टी पछिको खुद बार्षिक आय</td><td>प्रोत्साहन रकम</td><td>थप लाग्ने कर</td><td>कट्टी गरेको कर</td><td>घटी कट्टी कर</td></tr>
<tr><td>१</td><td>नि.प्र.अ.श्री रविन्द्र बहादुर शाही</td><td>२३२३८५</td><td>८१२५८</td><td>१७६१६</td><td>८१३</td><td>१६८०३</td></tr>
<tr><td>२</td><td>लेखापाल श्री खम्वीर शाही</td><td>-४७५०६</td><td>८०६२५</td><td>३३१२</td><td>८०६</td><td>२५०६</td></tr>
<tr><td>३</td><td>स.पाँचौ श्री राजेन्द्र प्रसाद जोशी</td><td>-४७५०६</td><td>८०६२५</td><td>३३१२</td><td>८०६</td><td>२५०६</td></tr>
<tr><td>४</td><td>आलेप श्री जय बहादुर साउद</td><td>-४७५०६</td><td>८०६२५</td><td>३३१२</td><td>८०६</td><td>२५०६</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२४३२१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९.२</td><td></td><td></td><td>स्थानीय भत्ता : नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार दरवन्दी भित्रका करार कर्मचारीहरुलाई दिने सुबिधा सम्वन्धी मिति २०७४।१।२५ को पत्राचारमा करार कर्मचारीहरुको सेवा सुबिधामा स्थानीय भत्ता उल्लेख नभएकोले करार कर्मचारीहरुलाई महङ्गि भत्ता र स्थानीय भत्ता उपलव्ध गराउन नमिल्ने देखिन्छ । तर पालिकाले करारमा नियुक्ती भएका निम्नुसार कर्मचारीलाई गाउँसभावाट निर्णय गरी स्थानीय भत्ता भुक्तानी दिएको देखिन्छ । पालिकाले करारका कर्मचारीलाई भुक्तानी दिएको स्थानीय भत्ता नियमसम्मत नदेखिएको रु.
<table>
<tr><td>कर्मचारीको नाम</td><td>भुक्तानी भएको महिना</td><td>दर</td><td>जम्मा भुक्तानी रकम</td></tr>
</table>
</td><td>२८३,४४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>ई.श्री बिनोद कुमार शाही</td><td>१२</td><td>११८१०</td><td>१४१७२०</td></tr><tr><td>सुचना प्रविधि अधिकृत श्री सिर्जना शाही</td><td>१२</td><td>११८१०</td><td>१४१७२०</td></tr><tr><td colspan="3">जम्मा</td><td>२८३४४०</td></tr></table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष कार्यापालिकाको निर्णय अनुसार कर्मचारीको प्रोत्साहन भत्ता रु. ३,८१,०६६।- भुक्तानी दिदा आर्थिक व्ययभार बढ्न गएकोले अनियमित देखिएको रु.</td><td>३८१,०६६</td></tr>
<tr><td>५१</td><td>२८४</td><td>२०७९ -३-१७</td><td>बढी तलव भुक्तानी<br><br>पालिकाले निम्नानुसारका बिद्यालयलाई भुक्तानी दिनु पर्ने रकम भन्दा बढी भुक्तानी दिएको रु. २,४१,०००।-सम्वन्धित विद्यालयवाट असुल गर्नुपर्ने रु.<table><tr><th>बिद्यालयको नाम</th><th>बढी भुक्तानी रकम</th><th>बढी भुक्तानीको कारण</th></tr><tr><td>भवानी आधारभुत विद्यालय</td><td>४५०००</td><td>संघिय सशर्तवाट भुक्तानी भईसकेको</td></tr></table></td><td>२४१,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मालिका आधारभुत विद्यालय</td><td>६९०००</td><td>संघिय सशर्तवाट भुक्तानी भईसकेको</td></tr>
<tr><td>देवलकोट माध्यामिक बिद्यालय</td><td>६६०००</td><td>भुक्तानी दिनुपर्ने भन्दा बढी भुक्तानी दिएको</td></tr>
<tr><td>शम्भुनाथ आधारभुत विद्यालय</td><td>६१०००</td><td>भुक्तानी दिनुपर्ने भन्दा बढी भुक्तानी दिएको</td></tr>
<tr><td>जम्मा</td><td>२४१०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
खर्च शिर्षक<br>
आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा रकम स्वीकृत वजेट भित्र र सम्वन्धित शिर्षकमा पर्दछ र खर्च गर्न वाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार खर्च सम्वन्धित शिर्षकवाट नलेखि फरक शिर्षकवाट खर्च लेखेको देखिएकोले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>खर्चको विवरण</th><th>खर्च लेख्नुपर्ने शिर्षक</th><th>खर्च लेखेको शिर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>१०२-०७८।१०।१६</td><td>पदाधिकारीको भ्रमण खर्च</td><td>अनुगमन मुल्याङ्कन खर्च</td><td>पदाधिकारिको अन्य भत्ता</td><td>२०१०००</td></tr>
<tr><td>१०३-०७८।१०।१६</td><td>पदाधिकारीको भ्रमण खर्च</td><td>अनुगमन मुल्याङ्कन खर्च</td><td>पदाधिकारिको अन्य भत्ता</td><td>४००००</td></tr>
</table>
</td><td>१,३२७,३६६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०५-०७८।१०।१७</td><td>पदाधिकारीको भ्रमण खर्च</td><td>अनुगमन मुल्याङ्कन खर्च</td><td>पदाधिकारिको अन्य भत्ता</td><td>४००००</td></tr>
<tr><td>२८४-०७९।३।१७</td><td>स्वयंसेवक शिक्षकको तलव</td><td>स्वयंसेवक शिक्षकको पारिश्रमिक</td><td>ईसिडी,लेखापाल र सहयोगिको पारिश्रमिक</td><td>१०४६३६६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१३२७३६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले एभरेस्ट वायरलेस नेटवर्कलाई ईन्टरनेटको रकम रु. १,७४,०२०।- भुक्तानी गरेकोमा उक्त फर्मले रु. १,२२,०४०।- को मात्र विल पेश गरेकोले बिल भन्दा बढी भुक्तानी भएको रु. ५१,९८०।- असुल गर्नुपर्ने रु.</td><td>५१,९८०</td></tr>
<tr><td>५४</td><td>३४६</td><td>२०७९ -३-१०</td><td>दाखिला प्रतिवेदन भन्दा बढी भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले भिजन फर्मा धनगढीलाई औषधि खरिदको रु. ४,९९,९५७।- भुक्तानी गरेकोमा जिन्सी दाखिला प्रतिवेदनमा भने रु. ४,९२,०१८।- मात्र औषधि खरिद गरेको देखिएकोले दाखिला नभएको औषधिको भुक्तानी दिएको रु. ७,९४०।- असुल गर्नुपर्ने रु.</td><td>७,९४०</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>भर्मण खर्चको भरपाई</td><td>१४५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडाका वडा सदस्यको भ्रमण खर्चको रकम सम्वन्धित सदस्यको बैंक खातामा पठाउनु पर्नेमा वडाध्यक्षको नाममा चेक जारी गरी भुक्तानी दिएको देखिएकोमा उक्त भुक्तानी भएको भ्रमण खर्च सम्वन्धित व्यक्तिलाई बुझाएको नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु·
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>भ्रमण खर्च बुझिलिनेको नाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१८२-०७९।१।४</td><td>वडा नं. ६ वडा अध्यक्ष श्री कटक बहादुर बिष्ट</td><td>६७०००</td><td>४ जना सदस्यको भ्रमण खर्च</td></tr>
<tr><td>२२३-०७९।२।२५</td><td>वडा नं. १ वडा अध्यक्ष श्री रामलाल वोगटी</td><td>७८०००</td><td>५ जना सदस्यको भ्रमण खर्च</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४५०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>पत्रपत्रिका तथा सुचना छपाई खर्च<br><br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक निकायले खर्च गर्दा मितव्यीता अपनाउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष बिभिन्न प्रकारका सुचना प्रकाशन गरेको र सुचना प्रकाशन तथा प्रसारण गरेको भनि बिभिन्न पत्र पत्रिका, रेडीयो र अन्य संस्थालाई बिनियोजन गरेको रु. ९,९८,६७५।– भुक्तानी दिएको छ । पालिकाले वोलपत्र मुल्याङ्कन सम्वन्धि सुचना प्रकाशन बाहेको अन्य बिभिन्न सुचना प्रकाशन र प्रसारण गरेको भनि बिभिन्न पत्र पत्रिका, रेडियो र अन्य संस्थालाई रकम भुक्तानी गर्दा सुचना प्रकाशन र प्रसारणको लागि सम्झौता गरेको देखिएन । पालिकाले सुचना प्रकाशन र प्रसारणको रकम भुक्तानी दिदा सम्वन्धित संस्थासंग सम्झौता गरी सम्झौता बमोजिम सुचना प्रकाशन तथा प्रसारण भएको एकिन गरेर मात्र भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>सम्वन्धित फर्मलाई भुक्तानी<br><br>पालिकाले कुनै पनि खरिदको रकम भुक्तानी गर्दा सम्वन्धित फ्रमको नाममा भुक्तानी गर्नुपर्दछ । पालिकाले बैष्णवी ईन्टरप्राईजेजवाट मसलन्द सामान खरिद गरेको विल बमोजमिको रकम रु. १,५४,११५।- सम्वन्धित फर्मको नाममा रकम पठाउनु पर्नेमा जगन्नाथ छापाखानको नाममा चेक जारी गरेको देखियो । यसरी खरिद भएको मालसमानको भुक्तानी असम्वन्धित फर्मको नाममा पठाएको रकम सम्वन्धित फर्मले बुझेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१५४,११५</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>मालसामान खरिदको लागि कर्मचारीलाई पेश्की<br><br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ४९ मा बिक्रेतावाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसमान खरिद गर्न आफ्नो कार्यालयको कमर्चारीलाई पेश्की दिई पठाउनु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले कारण उल्लेख गरी पेश्की दिन सक्ने उल्लेख छ । पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद गरिने मालसामानको लागत अनुमान तयार गरी उपयुक्त खरिद बिधिको छनौट गरी सोझै बिक्रेता संग खरिद गर्न सकिने मालसामान कर्मचारीलाई पेश्की दिने गरेको देखियो । पालिकाले मालसामान खरिदको लागि कर्मचारीलाई पेश्कि दिने कार्यालाई नियन्त्रण गर्नुपर्दछ । यस मस्वन्धि केही उदाहरण निम्नानुसार छन ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की दिएको प्रयोजन</th><th>पेश्की रकम</th></tr>
<tr><td>६०-२०७८।९।१९</td><td>श्री राजेन्द्र राज जोशी</td><td>मसलन्द तथा कार्यलय सामान खरिद</td><td>६०००००</td></tr>
<tr><td>१७५-२०७८।११।२</td><td>प्रमिला रोकाया</td><td>ल्यापटप खरिद</td><td>१७००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७७००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | माथि उल्लेखित पेश्की रकम मध्ये स्वास्थ्य संयोजक श्री प्रमिला रोकायाले लिएको पेश्की रकमको रु. ८०,०००।- एक थान को एक ल्यापटप खरिद गरेको विल र रु. १,००,०००।- गाउँपालिकावाट नेपालगंज सम्म र नेपालगंजवाट गाउँपालिका सम्म जिप रिजर्भ गरी उक्त जिपमा औषधि र कार्यालय सामान ढुवानी गरेको भरपाईको आधारमा फस्यौंट गरिएको छ । पालिकाले ढुवानी रकम भुक्तानी गर्दा ढुवानी भएको मालसामानको प्रकार, परिमाण र प्रकृति उल्लेख नगरी प्रति दिनको दरले भाडा रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले ढुवानी गर्ने मालसमानको प्रकार, प्रकृती र परिमाण खुलाई सोको आधारमा लाग्ने बास्तविक ढुवानी रकम भुक्तानी गरी खर्चमा मितव्ययीता अपनाउनु पर्दछ । | |
| ५९ | | | **खर्चमा मितव्ययीता**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ मा सार्वजनिक निकायले खर्च गर्दा मितव्यीता अपनाउनु पर्ने उल्लेख छ । पालिकाले गाडी मर्मत गर्दा मर्मत अभिलेख नराखेको, ईन्धन खर्चको लगबुक नराखेको र खाना, खाजा तथा बिबिध खर्चको भुक्तानी गर्दा उक्त खर्चको प्रयोजन स्पस्ट नखुलाएको, व्यक्तिगत प्रयोजनमा खर्च भएको बिबिध खर्चको समेत पालिकावाट भुक्तानी भएको देखिन्छ । त्यस्तै पालिकाले बिभिन्न समयमा पालिकावाट काठमाडौं, धनगढी मार्तडी लगायतका ठाउँमा गएको र उक्त स्थानवाट पालिका सम्म बिभिन्न मालसमान ढुवानी गरेको भनि ढुवानी तथा भाडा रकम भुक्तानी गरेकोमा उक्त ढुवानीको साधनमा के कती परिमाणको सामान ढुवानी भएको हो सोको तौल प्रमाणीत नभएको, ढुवानी भएको मालसमान सजिलो वा असजिलो के हो बर्गिकरण नगरेको, ढुवानी गर्नुपर्ने दुरी एकिन नगरेको र उक्त ढुवानी भएको सामान कसले बुझेको वा बुझाएको हो सोको खुल्ने विवरण राखेको देखिएन । जसवाट भुक्तानी भएको ढुवानी भाडा यथार्थ र बास्तविक खर्च हो भन्न सक्ने अवस्था देखिएन । यस्तो खर्च र चालु र पुँजिगत दुबै शिर्षकवाट भएको देखिन्छ । अतः पालिकाले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गरी मितव्ययी तरिकाले खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६० | | | **सम्वन्धित फर्मको नाममा भुक्तानी गर्नुपर्ने**<br><br>पालिकाले मालसमान खरिद र अन्य कार्यको खर्च रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म, आपुर्तीकर्ता र निर्माण व्यवसायीको नाममा भुक्तानी गर्नु पर्नेमा पालिकाकै कर्मचारीको नाममा रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले खर्च रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म र संस्थाको नाममा भुक्तानी नगरी कर्मचारीको नाममा भुक्तानी गर्दा सम्वन्धितले रकम प्राप्त गरे नगरेको एकिन नहुने हुँदा कर्मचारीको नाममा भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६१ | | | **स्वास्थ्यतर्फ करार कर्मचारी नियुक्ती**<br><br>स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्वन्धी कार्यबिधि, २०७५ मा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्दा आवश्यक न्युनतम जनशक्ति हेल्थ असिस्टेन्ट वा अहेव एक जना, स्टाफ नर्स वा अनमी एक जना र कार्यालय सहयोगी एक जना समेत ३ जना करारमा लिई काममा लगाउन सकिने उल्लेख छ । पालिका अन्तर्गत स्वास्थ्य चौकी २ र स्वास्थ्य ईकाई ४ समेत जम्मा ६ स्वास्थ्य संस्था रहेको देखिन्छ । जस अनुसार आधारभुत स्वास्थ्य सेव प्रवाह गर्नको लागि न्युनतम ६ जना अहेव, ६ जना अनमी र ६ जना कार्यालय सहयोगी करारमा नियुक्ति गर्न सक्ने देखिन्छ । तर पालिकाले १० जना अहेव, १३ जना अनमी, ८ जना कार्यालय सहयोगी र ३ जना स्वीपर समेत जम्मा ३४ जना कर्मचारी करारमा नियुक्ती गरी बार्षिक रु. ७९,६६,८००।- खर्च लेखेको छ । यस सम्वन्धमा पालिकाले आधारभुत स्वास्थ्य सेवा प्रवाहको लागि आवाश्यक पर्ने न्युनतम कर्मचारीको संख्या प्रत्येक स्वास्थ्य केन्द्रको लागि ३ जना तोकिएकोमा अधिकतम संख्या नतोकिएकोले आवाश्यकता अनुसार थप कर्मचारी करारमा नियुक्ति गरेको उल्लेख छ । यस सम्वन्धमा सम्वन्धित निकायले स्थानीय तहमा रहेका सबै स्वास्थ्य केन्द्रको लागि आवाश्यकता अनुसारको दरवन्दी स्वीकृत गरी सोही बमोजिम स्थानीय तहले करारमा कर्मचारी नियुक्ति गरी कार्य स्चालन गर्ने व्यवस्था मिलाई स्थानीय तहमा स्वास्थ्य तर्फका करार कर्मचारी नियुक्तिमा एकरुपता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६२ | | | **करारमा स्वंय सेवक शिक्षक नियुक्ती**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैंन । त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ भने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा अनुमती प्राप्त गरि संचालनमा रहेका र कुनैपनि दरवन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापन गर्न अनुदान दिन सकिने व्यवस्था छ । उल्लेखित व्यवस्था विपरित पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका बिभिन्न बिद्यालयको लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरी यस बर्ष रु. १,०७,२८,०६६।- सम्वन्धित बिद्यालयलाई निकासा दिएको छ । माथि उल्लेखित व्यवस्था विपरित पालिकाले आफ्नो आन्तरिक आयको स्रोत न्युन भएको अवस्थामा करारमा स्वयंसेवक शिक्षक नियुक्ति गरेको कानुन सम्मत देखिदैन । | |
| ६३ | | | **भ्रमण खर्च** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन पालिकाको कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।<br>• पालिका भित्र भ्रमणमा गएको अवस्थामा समेत भ्रमण खर्च नियमावलीमा भएको व्यवस्था बमोजिम दुरी एकिन नगरी भ्रमण खर्च भुक्तानी गरेको<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>पुंजिगततर्फ</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>पुजीगत शिर्षकबाट चालु प्रकृतिको खर्चः पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सृजना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने चालु प्रकृतिका खर्च पूँजीगत शीर्षकबाट भुक्तानी दिएको छ। पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<table><tr><th>गो.भौ.नं./मिति</th><th>चालु खर्चको विवरण</th><th>भुक्तानी रकम</th></tr><tr><td>४।०७८।६।२२</td><td>कोरोना नियन्त्रण तर्फका करारका कर्मचारीको ०७८ श्रावण देखि अश्विन सम्मको तलव</td><td>७७३१८०</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३।०७८।१०।२९</td><td>कोरोना नियन्त्रण तर्फका करारका कर्मचारीको ०७८ पौष र माघ महिनाको तलव</td><td>४१७३००</td></tr>
<tr><td>७७।०७८।११।२२</td><td>कोरोना नियन्त्रण तर्फका करारका कर्मचारीको ०७८ फागुनको तलव</td><td>२४१२८०</td></tr>
<tr><td>१७३।०७९।१।७</td><td>कोरोना नियन्त्रण तर्फका करारका कर्मचारीको चैत महिनाको तलव</td><td>३१३४९०</td></tr>
<tr><td>१७७।०७९।१।७</td><td>कोरोना नियन्त्रण तर्फका करारका कर्मचारीको चैत महिनाको तलव</td><td>१४५०००</td></tr>
<tr><td>२०४।०७९।२।२३</td><td>कोरोना नियन्त्रण तर्फको करारका कर्मचारीको बैशाख र जेष्ठको तलव</td><td>५२५३८०</td></tr>
<tr><td>२४१।०७९।३।६</td><td>रोजगार सहायकको फागुन देखि असार सम्मकको तलव र पोषाक खर्च</td><td>१५३०५०</td></tr>
<tr><td>२७५।०७९।३।१४</td><td>ना.प्रा.स को आषाढको तलव</td><td>२२५००</td></tr>
<tr><td>२८७।०७९।३।१६</td><td>कोरोना नियन्त्रण तर्फका करारका कर्मचारीको आषाढको पारिश्रमिक</td><td>२२१८९०</td></tr>
<tr><td>३११।०७९।३।२४</td><td>स्वयेमसेवकको आषाढको तलव</td><td>२२५००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२८३५५७०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४.२</td><td></td><td></td><td>ढुवानीमा भाडा करः आयकर ऐन २०५८ को दफा ८८ मा सामाग्री ढुवानी गर्दा २.५ प्रतिशत ढुवानीमा भाडा कर असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ।पालिकाले निर्माण सामाग्री विभिन्न स्थानबाट पालिकासम्म ढुवानी कार्य गरेको उल्लेख गरी विभिन्न फर्मलाई ढुवानी रकम भुक्तानी गर्दा भाडा कर कट्टी नगरेकोले तपशिल बमोजिम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th><th>कर रकम</th></tr>
<tr><td>२३३।०७९।३।२४</td><td>श्री मालिकार्जुन ट्रेडर्स एण्ड सप्लायर्स</td><td>४७९५००</td><td>११९८८</td></tr>
<tr><td>३०८।०७९।३।२३</td><td>श्री न्यू सेती कर्णाली ढुवानी सेवा</td><td>१६००००</td><td>४०००</td></tr>
<tr><td>३१९।०७९।३।२४</td><td>श्री न्यू सेती कर्णाली ढुवानी सेवा</td><td>१४५०००</td><td>३६२५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९६१३</td></tr>
</table></td><td>१९,६१३</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर दाखिला नगरेको<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अर्न्तगत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले सो को मूल्य समायोजन प्रमाण पेश गर्ने अन्यथा ३० प्रतिशत असुल हुनुपर्ने रु.</td><td>२१७,७३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| गो भौ/मिति | फर्म/विक्रेताको नाम | खरिदको प्रकार | विल रकम | मू.अ.कर | ३०% मू.अ.कर |
|---|---|---|---|---|---|
| २।०७९।१।७ | निशान कम्प्यूटर ट्रेडर्स | मेशिनरी सामान खरिद | १७६९९१ | २३००९ | ६९०३ |
| ३२।०७९।२।२५ | निशान कम्प्यूटर ट्रेडर्स | मेशिनरी सामान खरिद | ३५११०९ | ४५६४४ | १३६९३ |
| ३८।०७९।३।८ | गनपुर अटोवर्क शप बाँके | गाडी मर्मत | ३८६१७६ | ५०२०३ | १५०६१ |
| ६।०७८।७।२० | पानश मोटर्स प्रा.लि. | मोटरसाइकल खरिद | २५६५४९ | ३३३५१ | १०००५ |
| ५७।०७८।११।३ | लोमल ट्रेडर्स | मेडिकल इक्यूपमेन्ट खरिद | ४४०००० | ५७२०० | १७१६० |
| ५९।०७८।११।३ | लोमल ट्रेडर्स | मेडिकल इक्यूपमेन्ट खरिद | ८७००० | ११३१० | ३३९३ |
| ७५।७८।११।२२ | जय ट्रेड सेन्टर | एच.डि.पि.ई पाइप खरिद | ४३८५३५ | ५७०१० | १७१०३ |
| ९८।७८।११।२८ | निशान कम्प्यूटर ट्रेडर्स | मेशिनरी सामान खरिद | ३७०५३१ | ४८१६९ | १४४५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १११।७८।१२।२ | पानश मोटर्स प्रा.लि. | मोटरसाइकल खरिद | २५७४३४ | ३३४६६ | १००४० | |
| | | | २२४।७९।२।२५ | निशान कम्प्यूटर ट्रेडर्स | मेशिनरी सामान खरिद | १२२७०४ | १५९५२ | ४७८५ | |
| | | | २२६।७९।२।२५ | निशान कम्प्यूटर ट्रेडर्स | मेशिनरी सामान खरिद | १२३८९३ | १६१०६ | ४८३२ | |
| | | | २२७।७९।२।२५ | निशान कम्प्यूटर ट्रेडर्स | सफ्टवयेर खरिद | १८१६६७ | २३६१७ | ७०८५ | |
| | | | ३०७।७९।३।२३ | जय ट्रेड सेन्टर | निर्माण सामाग्री खरिद | ४५४०२३ | ५९०२३ | १७७०७ | |
| | | | ३०७।७९।३।२३ | जय हार्डवयर ट्रेडर्स | निर्माण सामाग्री खरिद | ४२९३०० | ५५८०९ | १६७४३ | |
| | | | ३०७।७९।३।२३ | न्यू निजाम ग्रिल उद्योग | निर्माण सामाग्री खरिद | ३२२६६० | ४१९४६ | १२५८४ | |
| | | | ३३५।७९।३।२४ | साझा एडभरटाईजिङ्ग एजेन्सी | पालिकाको भिडियो डकुमेन्ट्रि निर्माण | ४५५८०० | ५९२५४ | १७७७६ | |
| | | | ३०८।७९।३।२३ | जय ट्रेड सेन्टर | निर्माण सामाग्री खरिद | ७२८४७७ | ९४७०२ | २८४११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** ２१७७३१ | |
| ६६ | | | **गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम**<br><br>कार्यक्रमको विनियोजित बजेटबाट पालिकाले अध्यक्ष रोजगार कार्यक्रम उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिद गरेको उल्लेख गरी रु. ५९,९८,५५९।- भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन। | |
| ६६.१ | | | **उपभोक्ता समितिबाट सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ मा सामान खरिद गर्दा प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने, खरिद योजना वेगर खरिद गर्न नहुने, खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने, स्वीकृत खरिद आदेश अनुसार खरिद गरिएका सामानहरु स्पेशिफिकेशन बमोजिम भए नभएको जाँच बुझ गरी स्टोर दाखिला हुनुपर्ने र प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद कार्य गर्न नहुने उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा योजनाको मूख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने उल्लेख छ। पालिकाले गाउँपालिकाबाट पारित भएको अध्यक्ष रोजगार कार्यक्रममा विनियोजित बजेट मध्ये प्रति बोरा रु. २०५१.४५ का दरले २३०० वोरा सिमेन्टको रु. ४७,१८,३३५।- र प्रति जाली रु. ३६५७.७८ का दरले २X१X१ मेस साइजको ३५० थान ग्याविन जालिको रु. १२,८०,२२४।- नेपालगञ्जबाट खरिद गरेको उल्लेख गरी उपभोक्ता समितिलाई रु. ५९,९८,५५९।- भुक्तानी दिएको छ। यसरी खरिद योजना,लागत अनुमान, जिन्सी दाखिला नगरी र प्रतिस्पर्धा नगराउने उद्देश्यले सामाग्री खरिदको मात्र मूल्य समावेश गरी उपभोक्ता समिति मार्फत गराई खर्च लेख्नु र रोजगारी सृजना नहुने कार्य उपभोक्ता मार्फत गराउनु कानुन सम्मत देखिदैन। पालिकाले निर्माण सामाग्री खरिद कार्य ठेक्का प्रक्रियाबाट गरी उपभोक्ता समितिको श्रम योगदान रहने संरचना निर्माणको कार्य मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्दछ। | |
| ६६.२ | | | **विल विजकको भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नापँजाच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले रु. ४७,१८,३३५- मूल्यको २३०० वोरा सिमेन्ट र रु. १२,८०,२२४।- मूल्यको ३५० थान ग्याविन जाली खरिद गरेको उल्लेख गरी जम्मा रु. ५९,९८,५५९।- उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त सामानको प्राविधिक मूल्यांकन भई जिन्सी दाखिला नभएको र खरिद गरिएको भनिएको उक्त निर्माण सामाग्री के कस्तो योजनामा | ५,९९८,५५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रयोग भई निर्माण कार्य सम्पन्न भएको हो सो खुल्ने विल भरपाई, प्राविधिक मूल्यांकन र नापी किताव समेत नरहेकोले उक्त खर्चको सम्बन्धमा एकिन पुष्टि नभएको रु. | |
| ६७ | | | **कर विजक**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। अध्यक्ष रोजगार कार्यक्रमको सामाग्री खरिद तथा ढुवानी कार्यको लागि श्री मालिकाअर्जुन ट्रेडर्स एण्ड सप्लायर्सबाट निर्माण सामाग्री ढुवानी गरेको उल्लेख गरी रोजगार संयोजक श्री लक्ष्मण जोशीलाई रु. ४७९५०० भुक्तानी दिएकोमा उक्त सप्लायर्सको विल पेश भएको छैन। विल विजक बेगर भुक्तानी खर्च लेख्न नमिल्ने भएकोले श्री मालिकाअर्जुन ट्रेडर्स एण्ड सप्लायर्स विल भरपाई पेश हुनुपर्ने रु. ४७९५०० | ४७९,५०० |
| ६८ | | | **विल भरपाई**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन। | |
| ६८.१ | 316 | २०७९ -३-२४ | वडा नं. ५ को सामुदायिक स्वास्थ्यको तला थप कार्यको रु. ८,२१,३१५।- मूल्यांकन गरी पालिकाले सामुदायिक स्वास्थ्य गोत्री उपभोक्ता समितिलाई रु. ७,५५,२५०।- भुक्तानी दिएको कागजात परीक्षण गर्दा निर्माण कार्य सम्पन्न भएको भनी उपभोक्ता समितिको माइन्यूट र पालिकाबाट सम्झौता अनुसार कार्य भएको भन्ने अनुगमन समितिको प्रतिवेदन पेश नभएकोले पुष्टि हुने उपरोक्त कागजात पेश हुनुपर्ने रु. | ७५५,२५० |
| ६८.२ | 180 | २०७९ -१-७ | वडा नं ६ को पशुपति आ.वि.को वायरीङ्ग गरेबापतको धनगिरी शाहीलाई रु. १,६०,०००।- भुक्तानी दिएको छ। उक्त आधारभुत विद्यालयको वायरीङ्ग कार्य गरेको उल्लेख गरी भुक्तानी दिएतापनि निर्माण कार्यसँग सम्बन्धित लागत अनुमान, मर्मत आदेश, सम्झौता विल विजक र प्राविधिक मूल्यांकन पेश नभएकोले वायरिङ्ग निर्माण सँग सम्बन्धित प्रमाण कागजात पेश हुनुपर्ने रु. | १६०,००० |
| ६९ | | | **प्रतिलिपी कर विजक** | १२७,९८८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) मा दर्ता भएको व्यक्तिको वस्तु वा सेवा विक्रि गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ। तपशिलका फर्मबाट निर्माण कार्य/ सामाग्री खरिद गर्दा प्रतिलिपी कर विजक पेश गरेको आधारमा पालिकाले विल रकममा मू.अ.कर थप गरी भुक्तानी दिएकोले उक्त भुक्तानीको सक्कल कर विजक पेश गर्नुपर्ने वा मूल्य समायोजन प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>खरिदको प्रकृती</th><th>विल रकम</th><th>मू.अ.कर</th></tr>
<tr><td>२९८।०७९।३।२२</td><td>अपूशा कन्सट्रक्सन</td><td>चौडिन देखि काडाकोट टावर सम्म सडक निर्माण</td><td>९८४५२२</td><td>१२७९८८</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२७९८८</td></tr>
</table></td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसअनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले नाफा कमाउने उद्देश्यले स्थापना भएको रेडियो शम्भुनाथलाई रेडियो रिले टावर जडान कार्यको लागि रु. ७,४५,०००/- अनुदान उपलब्ध गराएको देखिन्छ । यसरी नाफा कमाउने उद्देश्यले स्थापीत संस्थालाई अनुदान दिएको नियमित नदेखिएको रु.</td><td>७४५,०००</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>सम्झौता भन्दा बढी तलव भत्ता</td><td>४१,९५६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मेडिकल आठौं अधिकृत श्री अस्मिता वलम्पाकीको करार सम्झौता अनुसार तवल स्केल रु. ३५,९९०।-, दर्गम स्थान भत्ता रु. ११,८१०।-, महङ्गी भत्ता रु. २,०००।- र मेडिकल भत्ता रु. ४०,२००।- समेत प्रति महिना जम्मा रु. ९०,०००।- उल्लेख भएको र निजलाई २०७८ श्रावण देखि २०७८ असोज सम्म ३ महिनाको रु. २,७०,०००।- मा १ प्रतिशत ले हुने सामाजिक सुरक्षा कर रु. २,७००।- कट्टा गरी रु. २,६७,३००।- भुक्तानी दिनुपर्नेमा पालिकाले रु. ३,०९,२५६।- भुक्तानी दिएकोमा करार सम्झौता भन्दा रु. ४१,९५६।- बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | |
| ७२ | | | **विल विजकको भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले विभिन्न निर्माण कार्यको लागि खरिद सम्झौता पश्चात प्राविधिक मूल्यांकन गरी रनिङ्ग विल वा अन्तिम विलको भुक्तानी गरेको स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन्। | |
| ७२.१ | 153 | २०७९-१-६ | शुम्भुनाथ प्राथमिक विद्यालयलाई रु. १,५०,०००।- निकासा दिएकोमा निर्माण सम्बन्धी कार्यको रनिङ्ग विल, नापी किताव र प्राविधिक मूल्यांकन पेश नभएकोले उक्त निकासा रकमको खर्च पुष्ट्याई हुने उपरोक्त प्रमाण पेश हुनुपर्ने रु. | १५०,००० |
| ७२.२ | | | मल्ली काप्रि सिंचाई कुलो निर्माण कार्यको कुल मुल्याङ्कन रु. ५,१०,५६४।- भएको मध्ये पालिकाले यस निर्माण कार्यका उपभोक्ता समितिलाई रु. ४,७२,१५०।- भुक्तानी दिएको छ । निर्माण कार्यसंग सम्वन्धित रनिङ विल र नापी किताव परीक्षण गर्दा नापी कार्य नभएको १:६ को Stone Masonry को ४.८० घन मिटरको प्रति घनमिटर रु. ११,८३५।५२ ले रनिङ्ग विलवाट रु. ५६,८११।- खर्च लेखेको देखिएकोले नभएको कामको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. | ५६,८११ |
| ७२.३ | 156 | २०७९-३-२३ | ठुलो काप्री देखि वडा नं. ६ कार्यालय सम्म जाने बाटो निर्माण कार्यको रु. २,१३,३२२।४२ को मूल्यांकन भएको मध्ये पालिकाले उपभोक्ता समितिलाई रु. १,९०,०००।- भुक्तानी दिएको छ।रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा सडक निर्माण कार्यको लागि नरम माटो काट्ने कार्य १९९.९२ घ.मी., ढुङ्गा सोलिङ्ग कार्य ३२ घ.मी. र सुख्खाको वाल लगाउने कार्य ३.२० घ.मी भएको भनी रनिङ्ग विलबाट खर्च लेखेको मध्ये ढुङ्गाको सोलिङ्ग कार्यको ३२ घ.मी. को प्रति घ.मी रु. २३२१.२५ ले रु. ७४,२८०।- खर्च | ७४,२८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखेकोमा उक्त कार्य सम्बद्ध नापी किताव अनुसार कार्य भएको पाइएन। अतः नभएको कार्यको खर्च लेखेको उक्त खर्च असुल हुनुपर्ने रु. | |
| ७३ | | | **देवलकोट स्कुल घेरावारा तथा होस्टल निर्माण**<br><br>देवलकोट स्कुल घेरावारा तथा होस्टल निर्माण कार्यको रु. १,४६,७६,५६०।- को लागत अनुमान तयार गरी पालिकाले वोलपत्र आव्हान गरेकोमा न्यून अंक कवोल गर्ने सि. आई. कन्सट्रक्सनको कवोल अंक रु. ६४,३३,८६६।- भएको वोलपत्र स्वीकृत गरी मिति ०७९ जेष्ठ मसान्तमा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।९।२३ मा खरिद सम्झौता भएको थियो। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छन्। | |
| ७३.१ | | | **अधुरो कार्यको सम्मन्न देखाएको:** यस निर्माण कार्यको पालिकाले दोस्रो रनिङ्ग विल सम्मको रु. २४,३४,९१२।- मूल्यांकन गरी मिति २०७९।२।२० मा निर्माण सम्पन्न देखाएको छ। सम्झौता अनुसार गर्नुपर्ने स्कुल घेरावारा र होस्टल निर्माण कार्य सम्पन्न नगरेमा खरिद सम्झौताको शर्त तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र नियम १२८ अनुसार निर्माण सेवालाई आवश्यक कारवाही गरी निर्माण कार्य गराउनुपर्नेमा कुल कामको ३७.८४ प्रतिशत मात्र भौतिक प्रगति भएको अवस्थामा निर्माण कार्य सम्पन्न देखाउनु कानुन सम्मत देखिएन। | |
| ७३.२ | | | यस डवल कोट माध्यमिक विद्यालयको घेरा वारा र होस्टल निर्माण कार्यको विनियोजित बजेटको बचत पैसाले निर्माण व्यवसायीले गर्नुपर्ने बाँकी अधुरो कार्य तपशिलका तीन उपभोक्ता समितिसँग रु. २४,४७,३१४।- को सम्झौता गरी रु. २,१३,९८०।- भुक्तानी दिएको छ। | |

| गो.भौ.नं./मिति | निर्माण कार्य | ल.ई तथा सम्झौता रकम | मूल्यांकन | भुक्तानी रकम |
|---|---|---|---|---|
| २८।०७९।२।२३ | देवलकोट मा.वि.को घेरावारा तथा छात्रवास भवन निर्माण कार्य | ६४१६८७.८१ | ६३८६८७.८१ | ५८९९५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५।०७९।३।३</td><td>देवलकोट मा.वि.को घेरावारा कार्य</td><td>१६४९१९</td><td>१६४९१९</td><td>१६००००</td></tr>
<tr><td>७२।०७९।३।२५</td><td>देवलकोट मा.वि.को घेरावारा कार्य</td><td>१६४०७०७</td><td>१५०५३५५</td><td>१३८९८५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४४७३१३.८१</td><td>२३०८९६१.८१</td><td>२१३९८००</td></tr>
</table>
होस्टल निर्माण तथा घेरावारा कार्यको लागि लागत अनुमानको तुलनामा निर्माण सेवाले ५६.१६ प्रतिशत घटीमा ठेक्का सकार गरेकोमा सम्झौता बमोजिमको कार्य निर्माण व्यवसायी मार्फत नगराई लागत अनुमानमा तीन उपभोक्ता समितिसँग बाँकी कार्य गराउँदा पालिकालाई उपभोक्ता मार्फत गराएको थप कार्यमा ४३.८४ प्रतिशत थप व्यभार परेको छ।यस्तो कार्य नियन्त्रण गरिनु पर्दछ।
</td><td></td></tr>
<tr><td>७३.३</td><td></td><td></td><td>
स्वीकृत कार्यक्रम भन्दा बाहिर खर्चः स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कार्य गर्न नसकिने भएमा नयाँ कार्यक्रम संशोधन गर्नका लागि तालुक केन्द्रिय निकायमा लेखी पठाउनुपर्ने र तालुक केन्द्रिय निकायले विनियोजित ऐनको परिधिभित्र रहि त्यस्तो कार्यक्रम संशोधन गरी सो को जानकारी योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३(१) र ३३(२) मा उल्लेख छ। देवालकोट माध्यमिक विद्यालयको घेरावारा र होस्टल निर्माण कार्यको विनियोजित बजेट र कार्यक्रमबाट कार्यक्रम संशोधन नगराई फरक योजनामा पालिकाले यस वर्ष तपशिलका दुई निर्माण कार्यको उपभोक्ता समिति मार्फत कार्य गराई रु. ३४,३४,७२५।- खर्च गरेको छ।स्वीकृत कार्यक्रम भन्दा बाहिर विनियोजित बजेट खर्च गर्दा उपरोक्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३(१) र ३३(२) बमोजिम कार्यक्रम संशोधन गराउनुपर्नेमा नगराई खर्च गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>निर्माण कार्य</th><th>सम्झौता रकम</th><th>मूल्यांकन</th><th>भुक्तानी</th></tr>
<tr><td>४६।०७९।३।२०</td><td>धाईढुङ्गाबाट वापत जिउला खानेपानी मर्मत कार्य</td><td>२०३६८००</td><td>१७०९०४४</td><td>१५७५५७५</td></tr>
</table>
</td><td>३,४३४,७२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>७२।०७९।३।२५</td><td>दुधेशिला आ.वि.को भवन निर्माण कार्य</td><td>२०१८५०८</td><td>२०१५५०८</td><td>१८५९१५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३४३४७२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३.४</td><td>38</td><td>२०७९-३-८</td><td>प्रमाण कागजातः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। संघीय सरकारको हस्तान्तरित कार्यक्रमको कन्टिन्जेन्सीबाट पालिकाको गाडी मर्मत बापतको रु. ४,३६,३८०।- रकम का.स. भिम बहादुर शाहीलाई भुक्तानी दिएकोमा मर्मत गर्नु पूर्वको लागत अनुमान, मर्मत आदेश, भुक्तानी पूर्वको टीप्पणी र फेरिएको सामानको विवरण खुल्ने कागजात पेश नभएकोले मर्मत भएको खुल्ने कागजात तथा प्रमाण पेश हुनुपर्ने रु.</td><td>४३६,३८०</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>विल विजकको भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।</td><td></td></tr>
<tr><td>७४.१</td><td>46</td><td>२०७९-३-२०</td><td>वामन जिउला खानेपानी आयोजनाको पाइप लाईन खन्ने, पुर्ने र अन्य खानेपानी संरचना निर्माण कार्यको प्राविधिकद्वारा रु. १७,०९,०४५।- मूल्यांकन गरी पालिकाले निर्माण कार्यका उपभोक्ता समितिलाई रु. १६,५८,५००।- भुक्तानी दिएको छ। भुक्तानी सँग सम्बन्धित रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा खानेपानी आयोजनाको पाइप खन्ने र पुर्ने कार्य ३१८० मिटर गरेको तर सो पाइप लाईनमा पाइप विच्छ्याउने कार्य अन्तर्गत २५ एम एम को १० के.जी. प्रेशरको ६६० मिटर र २० एम एम को १० के. जी प्रेशरको १२० मिटर समेत जम्मा १८६० मिटर मात्र एच.डि.पि.ई. पाइप प्रयोग भएको पाइयो। खपत भएको एच.डि.पि.ई. पाइपको लम्वाई र पाइप लाइनको माटो खन्ने र पुर्ने कार्य बढीमा पनि बराबर देखाउनु पर्नेमा विच्छ्याएको पाइप भन्दा १३२० मिटर पाइप लाइनको लम्बाई बढी देखाई खनेको र पुरेको खर्च लेख्दा तपशिल बमोजिम रु. ४,४७,८२४।- बढी खर्च लेखेको छ। पाइप खपतको लम्बाई बराबरको पाइप लाइन खनेको लम्बाईको प्रमाण पुष्टि गर्ने कागजात पेश हुनु पर्दछ अन्यथा उक्त बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ रु.</td><td>४४७,८२४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल) | |
| ७४.२ | 64 | २०७९-३-२४ | ६४।०७९।३।२४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यको बजेट सम्बन्धित विद्यालयले विद्यालय निर्माण कार्य गरेको भौतिक प्रगतिको आधारमा पालिकाले प्राविधिक मूल्यांकन गरी किस्ता किस्तामा निकासा दिनुपर्ने व्यवस्था विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा उल्लेख छ। पालिकाले तपशिलका तीन विद्यालयलाई विल भरपाई र प्राविधिक मूल्यांकन वेगर रु. ६९,८२,८९८।- निकासा दिएको छ। कामको भौतिक प्रगति मूल्याकनका आधारमा किस्ता किस्तामा दिनुपर्ने निकासा रकम एकमुष्ट दिनु कानुन सम्मत देखिदैन। अतः पालिकाले निकासा दिएको रकम बमोजिमको विद्यालय निर्माण कार्य भएको विल भरपाई र प्राविधिक मूल्यांकन पेश हुनुपर्ने रु. | ६,९८२,८९९ |

| विवरण | लम्बाई (मि) | चौडाई (मि) | उचाई (मि) | घ.मि. | दर | रकम |
|---|---|---|---|---|---|---|
| खनिएको पाइप लाइनको बढी लम्बाई | १३२० | ०.५ | ०.८ | ५२८ | ६५६.६३ | ३४६७०१ |
| पुरीएको पाइप लाइनको बढी लम्बाई | १३२० | ०.५ | ०.८ | ४६२ | २१८.८८ | १०११२३ |
| **जम्मा** | | | | | | ४४७८२४ |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| क | कैलाश माध्यमिक विद्यालय | ३४९१४४९ |
| ख | वाल विकास आधारभुत विद्यालय | १७४५७२५ |
| ग | मालिका आधारभुत विद्यालय | १७४५७२५ |
| **जम्मा** | | ६९८२८९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४.३ | 66 | २०७९ -३-२४ | वडा नं. ४ को धनेरी मेला ठाकुरवाडा दुवै वेर्मा सम्मको खानेपानीको पाइप लाइन र अन्य संरचना निर्माण कार्यको रु. २२०९७९० को कामको मूल्यांकन गरी पालिकाले हण्डिक इन्जिनिएरिङ्ग कन्सल्टेन्स एण्ड कन्सट्रक्सनलाई उक्त रकम भुक्तानी दिएको छ। भुक्तानीसँग सम्बन्धित रनिङ्ग विल र सम्बद्घ नापी किताव परीक्षण गर्दा नरम माटो काट्ने कार्य ६९०.६१ घ.मि. र कडा माटो काट्ने कार्य १७२.६५ घ.मि. मात्र देखिएकोमा पालिकाले नरम माटो काट्ने १९६५.१७ घ.मि. र कडा माटो काट्ने कार्य ४९१.२९ घ.मि. र २१०९.३८ घ.मि. माटो पुर्ने कार्यको खर्च लेखी निर्माण व्यवसायीलाई भुक्तानी दिएको पाइयो। अतः माटो खन्ने कार्य ८६३.२६ घ.मि. र पुर्ने कार्य समेत ८६३.२७ घ.मि. मात्र भएकोमा माटो काट्ने कार्य २४५६.४६ घ.मि. र पुर्ने कार्य २१०९.३८ घ.मि. देखाएकोले माटो खन्ने कार्यको १५९३.१९ घ.मि. र पुर्ने कार्य १२४६.११ घ.मि. बढी हुन गई तपशिल बमोजिम रु. ५,६१,४२३।- बढी खर्च भएको देखिन्छ। खन्ने तथा पुर्ने कार्यको बढी परिमाण देखाई बढी खर्च हुन नपर्ने काण र प्रमाण भए पेश हुनुपर्दछ, अन्यथा बढी भुक्तानी रकम सम्बन्धीत निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ रु. | ५६१,४२३ |

| **खनेको बढी कार्यको विवरण** | **बढी परिमाण (घ.मि.)** | **दर** | **भुक्तानी रकम** |
|---|---|---|---|
| नरम माटो खन्ने कार्य | १९६५.१७-६९०.६१=१२७४.५६ | २८० | ३५६८७७ |
| कडा माटो खन्ने कार्य | ४९१.२९-१७२.६५=३१८.६४ | २९० | ९२४०६ |
| **पुरेको बढी कार्यको विवरण** | | | |
| माटो पुर्ने कार्य | २१०९.३८-८६३.२७=१२४६ | ९० | ११२१४० |
| **जम्मा** | | | **५६१४२३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | 33 | २०७९ -२-२६ | **लागत साझेदारी** | १९२,९६७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दुमली झोलुङ्गे पुल निर्माण कार्यको लागि कुल लागत अनुमान रु.५३,८०,४४९।- मध्ये पालिकाले ६ प्रतिशत, उपभोक्ता समितिले २ प्रतिशत, झोलुङ्गे पुल केन्द्रिय अनुदान ८४.३८ प्रतिशत र वस्तुगत अनुदान ७.६२ प्रतिशत व्यहोर्ने गरी खरिद सम्झौता भएको थियो। खरिद सम्झौता अनुसार प्रथम विलको मूल्यांकन रु.९,१८,८६१।६०, दोस्रो विलको मूल्यांकन रु.१२,३७,४१०।- र तेस्रो विलको मूल्यांकन रु.१०,५९,८४५।८३ गरी झोलुङ्गे पुलको कुल मूल्यांकन रु.३२,१६,११७।४३ भए अनुसार सो को ६ प्रतिशतले हुने रु.१,९२,९६७।- गाउँ पालिकाको स्रोतबाट खर्च लेख्नु पर्नेमा संघीय सरकारको हस्तान्तरित कार्यक्रमबाट खर्च लेखेको छ। अतः गाउँपालिका स्रोतबाट व्यहोर्नुपर्ने रकम यस कार्यक्रमबाट लेखेको रकम पालिकाबाट संघीय सरकारको संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. ५ लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। कार्यालयले यस वर्ष पटक पटक गरी निम्न मालसमान सिमा भन्दा बढी रकमको सोझै खरिद गरेको देखिन्छ। पालिकाले ऐन नियममा भएको व्यवस्था बिपरित पटक पटक गरी सिमा भन्दा बढीको सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>गो. भौ. नं./मिति</th><th>फर्मको नाम</th><th>खरिदको प्रकार</th><th>रकम</th></tr>
<tr><td>२।०७९।१।७</td><td>निशान कम्प्यूटर ट्रेडर्स</td><td>मेशिनरी सामान खरिद</td><td>२०००००</td></tr>
<tr><td>३२।०७९।२।२५</td><td>निशान कम्प्यूटर ट्रेडर्स</td><td>मेशिनरी सामान खरिद</td><td>३९६७५३</td></tr>
<tr><td>५६।०७८।११।०३</td><td>शालिग्राम फार्मेशी</td><td>कोभिड अस्पतालको लागि औषधी खरिद</td><td>४९३३९०</td></tr>
</table></td><td>४,९६६,१८४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५७।०७८।११।०३</td><td>लोयल ट्रेडर्स</td><td>मेडिकल इक्यूपमेन्ट खरिद</td><td>४९७२००</td></tr>
<tr><td>७५।०७८।११।२२</td><td>जयट्रेड सेन्टर</td><td>एच. डि. पि. ई. पाइप खरिद</td><td>४९५५४६</td></tr>
<tr><td>९८।०७८।११।२८</td><td>निशान कम्प्यूटर ट्रेडर्स</td><td>मेशिनरी सामान खरिद</td><td>४१८७००</td></tr>
<tr><td>२२४ र<br>२२६।०७९।२।२५</td><td>निशान कम्प्यूटर ट्रेडर्स</td><td>मेशिनरी सामान खरिद</td><td>२७८६५५</td></tr>
<tr><td>३०७।०७९।३।२३</td><td>जयट्रेड सेन्टर</td><td>निर्माण सामाग्री खरिद</td><td>५१३०४६</td></tr>
<tr><td>३०७।०७९।३।२३</td><td>जय हार्डवेयर ट्रेडर्स</td><td>निर्माण सामाग्री खरिद</td><td>४८५१०९</td></tr>
<tr><td>३०७।०७९।३।२३</td><td>न्यू निजाम ग्रिल उद्योग</td><td>निर्माण सामाग्री खरिद</td><td>३६४६०६</td></tr>
<tr><td>३०८।०७९।३।२३</td><td>जय ट्रेड सेन्टर</td><td>निर्माण सामाग्री खरिद</td><td>८२३१७९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९६६१८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अधुरो कार्य</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौता वमोजिमको काम सम्झौताको अवधी भित्र पुरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायलाई म्याद सकिनु २१ दिन अगाडी निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्नेछ भन्ने व्यवस्था उल्लेख छ भने निर्माण व्यवसायीले काममा प्रगति नगरेको र म्याद थपको निवेदन समयमा नदिएमा पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था सोही नियमावलीको नियम १२१ मा उल्लेख छ। कवोल अंक रु. २,३८,७९,९४४।- भएको वडा नं ५ को शिव गुफा पदमार्ग निर्माण कार्यको लागि मिति २०७९ आषाढ ३० गते भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी प्याराडाइज एस हण्डिक जे.भी सँग मिति २०७८ मंसिर ७ गते खरिद सम्झौता भएको थियो निर्माण व्यसायीलाई यस निर्माण कार्यवापत प्रथम बिलको मुल्याङ्कन रु. ६३,११,९२५।- भएको मध्ये भौचर नं ७१-२०७९।३।२५ मा रु. ९,६३,६००।- भुक्तानी भएको छ ।यस पदमार्ग भौतिक प्रगति अत्यन्त न्यून रहेको, निर्माण सेवाले कार्यतालिका बमोजिम कार्य गर्न नसकेको र निर्माण कार्य सम्पन्न गर्ने अवधी भन्दा २१ दिन अघि म्याद थपको निवेदन समेत दिएको देखिएन। समयमा भौतिक प्रगति गर्न नसकेको, सम्झौता बमोजिमको कार्य सम्पन्न नभै अधुरै राखेको र म्याद थपको निवेदन समेत नदिएकोले निर्माण व्यवसायीकै लापरवाही र हेलचेक्रयाई रहेको देखिएको हुँदा सम्झौताको शर्त तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ बमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>परामर्श सेवाको खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिम मौजुदा सुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ। प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद गर्दा बढीमा ३ वटा कोटेसन माग गरी निम्नानुसारको परामर्श सेवा खरिद गरेको छ ।
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>डि.पि. आर कार्य</th><th>परामर्शदाताको नाम</th><th>सम्झौता तथा भुक्तानी रकम</th></tr>
<tr><td>८८।०७८।११।२६</td><td>कृषि कोल्ड स्टोर निर्माण कार्यका लागि डि.पि.आर.तयारी कार्य</td><td>श्री बाजीकन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>९९७३३८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८९।०७८।१२।२६</td><td>वडानं ६ कार्यालय देखि डाँडागाउँ कैलाश मा.वि सम्मको सडकको डि.पि.आर. तयारी कार्य</td><td>श्री बुढीनन्दाकन्सट्रक्सन एण्ड इन्जिनियरिङ्ग</td><td>४९७७६५</td></tr>
<tr><td>१७२।०७९।१।७</td><td>पिलुचौर पार्क निर्माण कार्यका लागि डि.पि.आर. तयारी कार्य</td><td>श्री बडिमालिका ई.कन्सल्टेन्सी</td><td>९९०४५६</td></tr>
<tr><td>१७४।००७९।१।७</td><td>पालिका भित्र अस्थायी प्रहरी कार्यालय भवनको डि.पि.आर तयारी कार्य</td><td>श्री बुढीनन्दाकन्सट्रक्सन एण्ड इन्जिनियरिङ्ग</td><td>१९९६७१०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४४८२२६९</td></tr>
</table>
परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन ।</td><td></td></tr>
<tr><td>७८.१</td><td></td><td></td><td>लागत अनुमान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद वापत रु. ४४,८२,२६९।- भुक्तानी गरेकोमा परामर्श सेवाको नर्म्स स्वीकृत गरेको छैन भने लागत अनुमान तयार गर्दा गत बिगत बर्षको नर्म्स र अन्य निकायको सोही प्रकृतिको कामको नर्म्सलाई समेत आधार लिएको देखिएन । यसरी पालिकाको नर्म्स स्वीकृत नभएको अवस्थामा लागत अनुमान तयार गर्दा अन्य निकायले तयार गरेको नर्म्स प्रयोग गरेको खुल्ने स्पस्ट प्रमाण संलग्न नभएकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र मितव्ययी छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी वनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७८.२</td><td></td><td></td><td>पालिकाको जनशक्तिको उपयोग नगरेको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो । पालिकाले कार्यालयको जनशक्तीवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदाता संग खरिद गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७८.३</td><td></td><td></td><td>पेशागत दायित्वको बिमा नगरेको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८२(७) मा उल्लेख छ । पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रु. ४४,८२,२६९।- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । | |
| ७९ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम**<br><br>कवोल अंक रु. ११,७८,४५,५०७।- भएको १० शैयाको अस्पताल निर्माण कार्यको लागि मिति ०७९।८।१ भित्र सम्पन्न गर्ने गरी मिति २०७८।२।१ मा खड्का पूर्व जे.भी. सँग खरिद सम्झौता भएको थियो। निर्माण कार्य वापत दोस्रो विल सम्मको रु. ३,४९,१९,८७२।- रकमको मूल्यांकन भई रु. ३,३५,६९,०००।- भुक्तानी भएको छ। अस्पताल निर्माण कार्यको ठेक्का फाइल परीक्षण गर्दा देखिएका व्यहोरा यस प्रकार छन् । | |
| ७९.१ | | | प्राविधिक मूल्यांकनमा २ वटा प्रस्ताव मध्ये खड्का जे.भी. निर्माण सेवाको मात्र प्राविधिक प्रस्ताव सफल भएकोले लागत अनुमान भन्दा ४.२० प्रतिशत घटीको आर्थिक प्रस्ताव गर्ने निज निर्माण सेवाको वोलपत्र स्वीकृत गर्ने कार्य पालिकाको वैठक संख्या १०० मिति २०७८।१।१४ को निर्णय भई मिति ०७८।२।१ मा खड्का पूर्ण जे.भी. निर्माण सेवासँग खरिद सम्झौता भएको छ। पालिकाले प्राविधिक प्रस्तावको मूल्याकन गर्दा दुई प्रस्तावदाता मध्ये स्वार कन्सट्रक्सनको कागजात अपर्याप्त भएकोले ३ दिनको समय दिई पत्राचर गरेकोमा कागजात पेश नभएकोले प्राविधिक मूल्यांकनबाट हटाई बाँकी एक मात्र प्रस्तावदाता खड्का पूर्ण जे.भी.को आर्थिक प्रस्ताव खोली मूल्यांकन गरी स्वीकृतिको लागि पेश गरेको मूल्यांकन समितिको निर्णयमा उल्लेख छ। तर प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा स्वार कन्सट्रक्सनको के कस्तो कागजात अपर्याप्त भएको हो र सो कागजात पेश गर्नुपर्ने भनी पत्राचार भएको हो सो सम्बन्धी विवरण र कागजात लेखापरीक्षणको क्रममा पेश भएन। | |
| ७९.२ | | | **वीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्व प्रतिस्थापन खर्च समेटेको निर्माण अवधी भन्दा १ वर्ष पछिको वीमा गराउनुपर्ने उल्लेख छ। यस १० शैयाको अस्पताल निर्माण कार्यको विल अफ क्वान्टिटीमा प्रोभिजनल सम अन्तर्गत रु. ४,००,०००।- वीमा रकम उल्लेख भएकोमा पालिकाले निर्माण कार्यको वीमा नगराई निर्माण सेवासँग खरिद सम्झौत गरेको छ। निर्माण कार्यमा हुन सक्नेसंभावित जोखिम न्यूनिकरण गर्न खरिद कानून अनुसार पालिकाले निर्माण सेवाबाट वीमा गराउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९.३ | 1 | २०७८ -११-७ | **अग्रिम कर कट्टी:** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्काको भुक्तानी रकममा १.५ प्रतिशत अग्रिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीले पेश गरेको विल बमोजिमको रकम रु. २,०८,५७,५२२।१३ भुक्तानी गर्दा १.५ प्रतिशतले हुने कर रु. ३,१२,८६३।- कट्टी गर्नुपर्नेमा रु. ३१,२८६।-मात्र कट्टी गरेकोले घटी कट्टी भएको कर रु. २,८१,५७६।- असुल गर्नुपर्ने रु. | २८१,५७६ |
| ७९.४ | 3 | २०७९ -३-३० | **धरौटी कट्टी रकम:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा ठेक्का रकमको भुक्तानी गर्दा धरौटी रकम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले अस्पताल निर्माण कार्यको रनिङ विलको रकम भुक्तानी दिदा कट्टी गरेको धरौटी रकम रु. ४,४२,५००।- धरौटी जम्मा गरेको नदेखिएकोले उक्त रकम धरौटी खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ४४२,५०० |
| ७९.५ | 3 | २०७९ -३-३० | **अग्रिम कर कट्टी दाखिला नभएको:** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्काको भुक्तानी रकममा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीले पेश गरेको विल बमोजिमको रकम रु. ८८,५०,०००।- भुक्तानी गर्दा १.५ प्रतिशतले हुने कर रु. १,३२,७५०।- कट्टी गरेकोमा उक्त कर रकम राजस्व दाखिला भएको नदेखिएकोले उक्त कर रकम राजस्व दाखिला गर्नुपर्ने रु. | १३२,७५० |
| ७९.६ | | | **मूल्य अभिबृद्धी कर कट्टी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकायले ठेक्का वापतको रकम सम्बन्धित ठेकेदारलाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई भुक्तानी दिदा कट्टी गरेको मूल्य अभिबृद्धि कर रु. ३,४५,१५०।- सम्वन्धित राजस्व शिर्षकमा दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | ३४५,१५० |
| ८० | | | **आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा कायम भएका बेरुजु**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (८) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका बेरुजु फछ्र्यौट भएको देखिएन। | |
| ८०.१ | | | **भुक्तानी रकमः** (१९।२०७८।०६।२१)कार्यालय प्रमुखको तोकआदेश, खरिदआदेश र दाखिला प्रतिबेदन बिना श्री न्यू सागर ईन्टरप्राईजेजलाई कार्यालयले रु. ९४,०६७।- रकम भुक्तानी गरिएकोले अनियमित देखिएको रु. | ९४,०६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.२ | | | **घर भाडाः** (३१।२०७८।०६।२२) सरला कुमारी बिष्टले घरधनी संघको सम्झौता नगरी भुक्तानी लिएको घरभाडा रकम रु. १७,६००।- अनियमित देखिएको रु. | १७,६०० |
| ८१ | | | **प्रमाण पेश**<br><br>(३।२०७८।१०।१७) आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावली २०७७ को नियम ३९ मा भुक्तानी लाई व्यवस्थित र प्रभावकारी बनाउने व्यवस्था रहेको छ । पालिकाले जि.पी कम्प्युटर एण्ड स्टेशनरी सेन्टर बाट विभिन्न समयमा कार्यालय प्रयोजनका लागी मसलन्द खर्च शिर्षक बाट रु. १,३६,२४०।- बराबरको रकम भूक्तानी गर्दा बैस्णवी ईन्टरप्राईजेजको नाममा गरेकोले सम्वन्धित पार्टीले बुझेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १३६,२४० |
| ८२ | | | **दाखिला प्रतिवेदन**<br><br>(५।२०७८।११।४) कार्यालयले शाह ट्रेडर्सलाई खरिद आदेश नं. १२२, १२३ र १२४ अनुसार विल बमोजिमको रकम रु. २,१४,६८०।- भएको तर दाखिला प्रतिवेदन अनुसार रु. २,०१,३६०।- को सामाग्री मात्र दाखिला गरेको देखिएकोले मालसमान दाखिला वेगर भुक्तानी गरिएको रु. १३,५००।- असुल गर्नुपर्ने रु. | १३,५०० |
| ८३ | | | **रकम बुझाएको प्रमाण**<br><br>(९।२०७९।१।४) कार्यालय सहयोगी गोरख बहादुर सिँहको नाममा रु. १,९६,६१०।- भुक्तानी गर्दा खरिद आदेश नं. ११४ देखि १३३ सम्म विभीन्न समय र वडा नं. २ मा सामाग्री खरिद वापतको रकम बुझाईएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु। | १९६,६१० |
| ८४ | | | **निर्वाचन सामाग्री खरिद**<br><br>(५८।२०७९।०३।२३) बैस्णवी ईन्टरप्राईजेजको नाममा कार्यालय प्रमुखको तोक आदेश, खरिद आदेश र दाखिला प्रतिवेदनमा हस्ताक्षर नभई निर्वाचन सामाग्री खरिद रकम रु. ३७,६५०।- भुक्तानी दिएको अनियमित देखिएको रु. | ३७,६५० |
| ८५ | | | **कर कट्टी** | १,६५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (५२।२०७८।०९।०७) वडा नं ३ का वडा सचिब श्री बिरेन्द्र भण्डारिलाई ११ वटा बैठकको बैठक भत्ता रु. ११,०००।- भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टी नभएकोले रु. १,६५०।-कर असुल गर्नु पर्ने रु. | |
| ८६ | | | **अग्रिम कर कट्टी**<br><br>(६०।२०७८।०९।०९) कार्यालय प्रमुखको तोक आदेश, खरिदआदेश र दाखिला प्रतिवेदन विना सार्वजनिक खरिद नियमावली विपरित फर्मको नाममा जानुपर्ने रकम सहायक पाचौ राजेन्द्र प्रसाद जोशीको नाममा पेश्की दिई रु. ६,००,०००।- पे.फ गरिएको देखिन्छ । राजेन्द्र प्रसाद जोशीको नामको पेश्की रकम रु ६,००,०००।- फस्यौट गर्दा बिल रकमको १.५ प्रतिशत अग्रिम कर रु. ९००० कट्टी नभएकोले उक्त कर असुल गर्नुपर्ने रु. | ९,००० |
| ८७ | | | **ढुवानी कर**<br><br>(६१।२०७८।०९।१९) राजेन्द्र प्रसाद जोशीले कार्यालय प्रयोजनका लागि खरिद गरिएका सामाग्रीहरु नेपालगंजबाट जगन्नाथ सम्म आरती ढुवानी सेवाबाट ढुवानी गरि रु. ७५,९९०।- भुक्तानी गरेकोमा ढुवानी कर रु. ७,५९९।-बैक दाखिला नगरेकोले उक्त कर असुलगरि बैंक दाखिला गर्नुपर्ने रु. | ७,५९९ |
| ८८ | | | **भ्रमण खर्च**<br><br>(६५।२०७८।०९।१९) खा.पा.स.टे परे विश्वकर्माको मिति २०७८।०८।७ देखि २०७८।८।१४ गते सम्मको हाजिर अनुसार कार्यालयमा उपस्थित देखिएको तर निजले सोही अवधिमा रु. ८,०००।-दैनिक भ्रमण खर्च लिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ८,००० |
| ८९ | | | **दाखिला नभएको**<br><br>(७१।२०७८।०९।१९) वडा सचिब दिपेन्द्र यादवले त्रिबेणी कम्प्युटर ईन्सिच्युटबाट एउटै वडाको नाममा १० वटा छाँपको रु. ५,०००।-भुक्तानी लिएकोले बढी कटाएको छाँप ६ वटाको जम्मा रकम रु. ३,०००।-र जय हनुमान फर्निचर उद्योग जुड्डी बाजुराबाट खटिया थान १ को खरिद आदेश र दाखिला नभएकोले रु. ६,०००।- गरि जम्मा रकम रु. ९,०००।-असुल गर्नुपर्ने रु. | ९,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **दैनिक भ्रमण भत्ता**<br><br>(१२६।२०७८।११।२४) कार्यालय प्रमुख रविन्द्र बहादुर शाहिको मिति २०७८।१०।१ देखि २०७८।१०।२३ सम्म अवधीको हाजिर अनुसार कार्यालयमा उपस्थित भएको तर निजले सोही अवधिमा दैनिक भ्रमण खर्च रु. ६८०० भुक्तानी लिएकोले असुल गर्नुपर्ने रु. | ६,८०० |
| ९१ | | | **बुझाएको भरपाई**<br><br>(१२८।२०७८।११।०४) वडा सचिव निर्मला ओझाले जनप्रतिनिधीहरुको नामको दैनिक भ्रमण भत्ता वापतको रकम रु. ८०,०००।- भुक्तानी लिएको तर जनप्रतिनिधीहरुलाई बुझाईएको भर्पाई नभएकोले सम्वन्धिलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ८०,००० |
| ९२ | | | **भुक्तानी रकम**<br><br>(१६९।२०७८।११।२९) कार्यालय प्रमुखको तोक आदेश विना सहायक चौथो श्री निर्मला ओझालाई दाल,चामल,पेट्रोल र मासु खानाको नाममा रु. २८,९५०।- भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | २८,९५० |
| ९३ | | | **घर भाडा**<br><br>(१७०।२०७८।११।२९) निर्मला ओझाले वडा नं २ को वडा कार्यालय बनिसकेको अवस्थामा घरभाडा सम्झौता नगरि,घरधनीको हस्ताक्षर नभई रु. ३०,०००।-भुक्तानी लिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ३०,००० |
| ९४ | | | **रकम भुक्तानी**<br><br>(२०१।२०७९।०१।०८) वडा नं ६ का पिडितलाई प्रहरी मुचुल्काको आधारमा बुझे सार्कीको नाममा रु. १२,०००।- रकम भुक्तानी हुनुपर्नेमा कार्यालय कर्मचारी लक्ष्मण जोशीको नाममा रकम भुक्तानी गरिएकोले उक्त रकम सम्वन्धितले बुझेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | **सेवा सुविधा**<br><br>(२०१।२०७९।०१।०८) सहायक पाँचौ राजेन्द्र प्रसाद जोशीले मिति २०७९।२।८ देखि २०७९।२।२६ सम्म निर्वाचन कार्यालयमा खटिई निर्वाचन कार्यालयवाट सेवा सुबिधा पाउने प्रावधान रहेकोमा निजले २०७९।२२।१९ देखि २०७९।२।२५ सम्म को अबधिको भ्रमण खर्चको रकम रु. ११,०००।- पालिकावाट लिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ११,००० |
| ९६ | | | **वैठक भत्ता**<br><br>(२४०।२०७९।३।५) रोजगार संयोजक श्री लक्ष्मण जोशीलाई कार्यापालिकाको वैठकमा सहभागि भई माईनुट लेखन वापत १९ बैठकको रु. १९,०००।- भत्ता भुक्तानी गरेकोमा निजले उक्त भत्ता नपाउने हुदा रु. १६,१५०।- असुल गर्नुपर्ने रु· | १६,१५० |
| ९७ | | | **बढी भुक्तानी**<br><br>(१३७।२०७९।०३।०५) हुनिमहति स्वास्थ्य चौकि प्रमुख कुबेर भण्डारीले अर्धबार्षिक समिक्षा कार्यक्रममा विल भर्पाइ बमोजिम रु. ६४८२५ भएकोमा रु. ७५,२००।- भुक्तानी दिएकोले बढि भुक्तानी भएको रु. १०,३७५।- असुल गर्नुपर्ने रु. | १०,३७५ |
| ९८ | | | **बढी भुक्तानी**<br><br>(१२८।२०७९।०३।०३) अ.हे.व.श्री सुरेन्द्र जङ्ग शाहीले नसर्ने रोग तथा दिवश कार्यक्रममा बिल भरपाई बमोजिमको रकम रु. ९८,३००।- भन्दा रु. १७०० बढी भुक्तानी लिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | १,७०० |
| ९९ | | | **दैनिक भ्रमण भत्ता**<br><br>(३३।२०७८।१०।१६) प्राविधिक सहायक दिपक सार्कीले २०७८।०६।२१ देखि २०७८।७।१६ सम्म दैनिक भ्रमण भत्ता वापतको रु. ४००० र २०७८।४।८ देखि २०७८।४।९ सम्म अवधीको रु. ५००० लिएको तर निज सोही अवधीमा कार्यालयमा उपस्थित भएकोले भुक्तानी भएको रु. ९००० असुल गर्नुपर्ने रु. | ९,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०० | | | **दैनिक भ्रमण भत्ता**<br><br>(४३।२०७८।१०।२९) उद्यम विकास सहजकर्ता नरहरी बिष्टले मिति २०७८।५।०८ देखि ५।१३ सम्म रु. ७०७० रकम र २०७८।६।११ देखि २०७८।६।१५ सम्म रु. ५७२० समेत जम्मा रु. १२०९० भुक्तानी भएकोमा उक्त अवधिमा निज कार्यालयमा हाजिर देखिएकाले असुल गर्नुपर्ने रु. | १२,०९० |
| १०१ | | | **दोहोरो भुक्तानी**<br><br>(१४७।२०७९।०३।११) रोजगार संयोजक लक्ष्मण जोशिले स्वास्थ्य शाखाको वृहत पोषण तालिम कार्यक्रममा तालिम संयोजकको रुपमा २०७८।११।१० देखि २०७८।११।१६ सम्मको संयोजक भत्ता बापत रु. ५९५० लिएको तर हाजिर विवरण अनुसार उक्त अबधिमा मेड्पा कार्यक्रममा अनुगमनको दैनिक भ्रमण खर्च समेत भुक्तानी दिएकोले दोहोरो भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु. | ५,९५० |
| १०२ | | | **बढी भुक्तानी**<br><br>(१४९।२०७९।३।१२)स्वास्थ्य संयोजक प्रमिला रोकायाले स्वास्थ्य शर्सत कार्यक्रम संचालनका लागि रु. ३०,०००।- भुक्तानी लिएकोमा बिल भरपाई रु. २०,०००।- मात्र भएकोले बढी भुक्तानि लिएको रु. १०,०००।- असुल गर्नुपर्ने रु. | १०,००० |
| १०३ | | | **सहभागी भत्ता**<br><br>(१५१।२०७९।३।१२) युवराज रिजालले मिति २०७९।३।१ देखि २०७८।३।२ गते सम्म गणकहरुलाई २ दिने तालिम कार्यक्रम संचालनमा सहभागि भएको भनि श्री रबिन्द्र बहादुर शाहीलाई रु. २०४०, खम्बीर शाहीलाई रु. २०४०, राजेन्द्र प्रसाद जोशीलाई रु. २०४० र निर्मला ओझालाई रु. २०४० गरी जम्मा रु. ८१६० भत्ता भुक्तानी लिएकोमा सोही अवधिमा निजहरुले दैनिक भ्रमण भत्ता समेत लिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ८,१६० |
| १०४ | | | **उपस्थिती हाजिरी** | ७२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (१९७।२०७९।३।२१) एम.आई.एस. अपरेटर चन्द्र बहादुर बिष्टले पंञ्जिकरण सम्बन्धि जेष्ठ नागरिक संग अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालनको लागि फोटो, ब्यानर, उपस्थिती हाजिर नगराई नभई रु. ७२,०००।- भुक्तानी लिएकाले अनियमित देखिएको रु. | |
| १०५ | | | **नपाउने दैनिक भ्रमण भत्ता**<br><br>(२३३।२०७९।०३।२४) सहायक पाँचौ राजेन्द्र प्रसाद जोशिले सार्वजनिक बिदा भएको दिनहरु लक्ष्मिपुँजा, गाईपुजा र भाईटिकाको दिन लिएको दैनिक भ्रमण खर्चको रकम रु. २९७० असुल गर्नुपर्ने रु. | २,९७० |
| १०६ | | | **बढी भुक्तानी**<br><br>(२२।२०७९।०१।०७)निशान कम्न्युकेशन कम्प्युटर सेन्टर बाट २०७८।१२।२८ गते बिल नं. १६४४ मा ल्यापटप ब्याट्री १ थानको रु. ६००० लाई सच्याई रु. ८००० बनाएर रोजगार संयोजक लक्ष्मण जोशिले रु. ८००० भुक्तानी लिएकोले बढी भुक्तानी लिएको रकम रु. २००० असुलगर्नुपर्ने रु. | २,००० |
| १०७ | | | **कर कट्टी**<br><br>(१०५।२०७९।१।७) ना.प्रा.स. मंगल प्रासाद उपाध्यायले सुनौला हजार दिनका आमाहरुलाई कृषि सामाग्री वितरण र तालिम कार्यक्रम संचालन गरे वापत वडा नं १देखि ६ सम्म सहजकर्ता भत्ता रु. १६८०० मा कर रु. २५२० जम्मा नगरेकाले असुल गर्नुपर्ने रु. | २,५२० |